# कक्षा नौको नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,

स्नातकोत्तर तह, चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


शोधकर्ता

सन्तोषी खड्का



महेन्द्ररत्न क्याम्पस

नेपाली शिक्षा विभाग

ताहाचल, काठमाडौं

२०८१



कक्षा नौको नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन - सन्तोषी खड्का २०८१

# कक्षा नौको नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,

स्नातकोत्तर तह, चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


शोधकर्ता

सन्तोषी खड्का

क्याम्पस क्रमाङ्क : ४०/०७६

त्रि.वि परीक्षा क्रमाङ्क : ७६२९०७४

त्रिवि दर्ता क्रमाङ्क : ९-२-९४७-८-२०१२

महेन्द्ररत्न क्याम्पस

नेपाली शिक्षा विभाग

ताहाचल, काठमाडौँ


२०८१

बुझाएको मिति

वि.सं : २०८१/०५/३०

सन् : सेप्टेम्बर १५, २०२४

मौखिक परीक्षा मिति

वि.सं : २०८१/०६/१३

सन् : सेप्टेम्बर २९, २०२४

© २०८१

सन्तोषी खड्का

सर्वाधिकार शोधार्थीमा

## प्रतिबद्धता पत्र

प्रस्तुत शोधप्रत्रमा संलग्न सामग्रीहरू कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग गरिएका र प्रकाशनमा आएका छैनन् । यसर्थ यो शोधपत्र सम्पूर्णतः मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

वि.सं. २०८१/०५/३०

.....................

(सन्तोषी खड्का)

शोधार्थी

TRIBHUVAN UNIVERSITY
महेन्द्ररत्न क्याम्पस
MAHENDRA RATNA CAMPUS
4-271709
4-271728
P.O.Box: 1048
Tahachal, Kathmandu.

Ref No.:-

## सिफारिस पत्र

महेन्द्ररत्न क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह, चौथो सेमेस्टरको नेपाली शिक्षा (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत *कक्षा नौको नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन* शीर्षकको शोधपत्र शोधार्थी सन्तोषी खड्काले मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक गरिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । यसर्थ प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभागमा सिफारिस गर्दछु ।

................................

(सहप्रा.डा. दावा शेर्पा)

शोधनिर्देशक

मिति : २०८१/०५/३०

सन् : सेप्टेम्बर १५, २०२४

TRIBHUVAN UNIVERSITY
महेन्द्ररत्न क्याम्पस
MAHENDRA RATNA CAMPUS
☎ 4-271709
4-271728
P.O.Box: 1048
Tahachal, Kathmandu.

Ref No.:-

## स्वीकृति पत्र (यो पेज विभागले दिएको राख्ने)

महेन्द्ररत्न क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह, चौथो सेमेस्टरको नेपाली शिक्षा (नेपा.शि. ५४४) पाठ्यांशको प्रयोजनार्थ छात्रा सन्तोषी खड्काद्वारा तयार पारिएको *कक्षा नौको नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन* शीर्षकको प्रस्तुत शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त ठहरएकाले स्वीकृति प्रदान गरिएको छ ।

### मूल्याङ्कन समिति

सहप्रा.डा. नेत्रप्रसाद पौडेल ................................

(विभागीय प्रमुख)

उपप्रा.डा. केशव भुसाल ................................

(बाह्य परीक्षक)

सहप्रा.डा. दावा शेर्पा ................................

(शोधनिर्देशक)

मिति : २०८१/०६/१३

सन् : सेप्टेम्बर २९, २०२४

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र तयार पार्नका लागि आफ्नो व्यस्तताका बिचबाट समय बचाएर सुरु चरणदेखि नै आवश्यक सरसल्लाह र सुझाव दिई अमूल्य सहयोग प्रदान गर्नुहुने शोधनिर्देशक सहप्रा.डा.दावा शेर्पाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधप्रस्ताव लेखनदेखि शोधपत्र तयारीको यस चरणसम्म आइपुग्दा आवश्यक संरचना निर्माण, लेखन, संशोधन, परिमार्जन, मूल्याङ्कन आदि विविध विषयमा निरन्तर सहयोग, सल्लाह र सुझाव प्रदान गर्नुहुने महेन्द्ररत्न क्याम्पस ताहाचल, नेपाली शिक्षा विभागका विभागीय प्रमुख सहप्रा.डा.नेत्रप्रसाद पौडेलप्रति हृदयतः आभार प्रकट गर्दछु ।

शोधपत्रको शीर्षक छनोटदेखि लेखनका क्रममा अमूल्य सुझाव दिने आदरणीय गुरुहरू सहप्रा. डा. जीवलाल बस्याल, सहप्रा. तीर्थराज खतिवडा, उपप्रा.डा. रामकुमार राई उपप्रा.डा. दुर्गाप्रसाद दाहाल, उपप्रा. टीका जिरेल, उपप्रा. रामचन्द्र खनाल र श्री हेरम्बराज बास्तोलाप्रति म आभारी छु । यस क्याम्पसका क्याम्पस प्रमुख सहप्रा. गेहेन्द्रप्रसाद दाहाल र सहायक क्याम्पस प्रमुख डा. गोविन्द देवकोटाप्रति आभार व्यक्त गर्दछु । विविध स्रोतका सन्दर्भ सामग्री उपलब्ध गराई सहयोग गर्ने महेन्द्ररत्न क्याम्पस पुस्तकालय परिवारप्रति पनि म कृतज्ञ छु । यस सन्दर्भमा जन्म दिने बुबाआमा र सम्पूर्ण परिवारजनप्रति आभार प्रकट गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

प्रस्तुत शोधपत्रलाई सरल, सुबोद्य, विश्वसनीय र वस्तुनिष्ठ बनाउन अथक प्रयत्न गर्दा गर्दै पनि त्रुटि एवम् कमीकमजोरीहरू अनेकौं रहेका हुन सक्छन् । म तिनलाई आत्मसात गर्दछु । यसमा जेजस्ता उपलब्धिहरू प्राप्त भएका छन् ती सबै मलाई हौसला र प्रेरणाका साथमा मूल्याङ्कन गरी सल्लाह र सुझाब दिनुहुने गुरुहरूका कारण सम्भव भएका हुन् भन्ने ठान्दछु । शोधपत्र पूरा गर्नका लागि तिमी सक्छ्यौ थाल भनेर निरन्तर हौसला प्रदान गर्ने दिदीहरू सुजिता थापा, भगवती शिवाकोटी, भाइ सुमित रोय र प्रिय मित्र मिना भुसाल र शोधपत्रको प्राविधिक पक्ष मिलाउन अमूल्य सहयोग पुऱ्याउने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जीतेन महर्जनलाई धन्यवाद दिन्छु ।

अन्त्यमा यसमा जे जति कमीकमजोरी भएका छन् ती सबै मेरा आफ्नै सिकारुपन र असावधानीका उपज हुन् भन्ने कुरा स्वीकार गर्दछु र सबै विज्ञ तथा साथीहरूबाट यस सम्बन्धमा आवश्यक सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

मिति : २०८१/०५/३०

........................

(सन्तोषी खड्का)

शोधार्थी

## शोधसार

*कक्षा नौको नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन* विषयक प्रस्तुत शोध अध्ययनलाई *कक्षा नौको नेपाली पाठ्यपुस्तक (२०७९) लाई लिङ्ग, उमेर, पेसा, जातजाति र धर्मसंस्कृतिका दृष्टिले समाजसापेक्ष अध्ययन गर्नु* तथा *कक्षा नौको नेपाली पाठ्यपुस्तकलाई वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्य मान्यताका दृष्टिले समाजसापेक्ष विश्लेषण गर्नु* गरी दुई उद्देश्यमा आधारित रहेर पूरा गरिएको छ ।

प्रस्तुत शोधकार्यलाई व्यवस्थित, वस्तुपरक र वैज्ञानिक ढङ्गले अगाडि बढाउन र अपेक्षित उद्देश्यहरू हासिल गर्न गुणात्मक ढाँचाभित्र वर्णनात्मक विधि प्रयोग गरिएको छ । शोधपत्रमा पहिलो उद्देश्यअन्तर्गत कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रस्तुत समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति र वर्ग तथा दोस्रो उद्देश्यअन्तर्गत भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको क्रमशः अध्ययन गरिएको छ ।

यसका लागि छनोट गरिएको नमुना पाठ्यपुस्तकमा पहाड, तराई, हिमाल, उपत्यका, अन्तर्राष्ट्रिय र विविध परिवेशको चित्रण गरी सामाजिक सन्तुल कायम गरिएको छ । विज्ञानप्रविधिको प्रयोग र लोकतान्त्रिक मूल्यमान्यताका आधारमा पनि पाठ्यपुस्तक समाजसापेक्ष देखिएको छ । समसामयिक चिन्तनका दृष्टिले पाठ्यपुस्तकलाई समयसापेक्ष तुल्याइएको छ । निम्न वर्गीय समाजको दृष्टिकोण, गरिबीको पीडा र वर्तमान समयमा विदेसिएर त्यहाँको सुखसयल र मोजमस्तीमा डुबेपछि मातृभूमि र आमाबुबालाई बिर्सिने प्रवृत्ति आदि समस्याहरू खडा गरी तिनको समाधानार्थ चेतनामूलक सन्देश दिएर पाठ्यपुस्तकलाई समाजसापेक्ष बनाइएको छ । विधागत सन्तुलनका दृष्टिले पुरानो पाठ्यपुस्तक र नयाँ पाठ्यपुस्तक समान देखिएका छन् तर पुरानो पाठ्यपुस्तकभन्दा नयाँ पाठ्यपुस्तक वर्तमान समयका समस्या, समाजमा विद्यमान गरिबी र प्रचलित समावेशी मौलिक संस्कृतिलाई उजागर गर्ने कुरामा अगाडि देखिएको छ । यो तुलनात्मक ढङ्गले व्यावहारिक, समसामयिक, विद्यार्थीपरक, शिक्षण सिकाइमैत्री र सामाजिक देखिएको छ ।

प्रस्तुत पाठ्यपुस्कको लिङ्ग, उमेर, पेसा, जात, जाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताका आधारमा अध्ययन गरी निष्कर्ष निकालिएको छ । अध्ययनबाट पाठ्यपुस्तकका विभिन्न विधाका पाठबाट अपेक्षित सामाजिक सन्तुलन झल्केको देखिन्छ । निर्धारित पाठ्यपुस्तकमा केटाकेटी र वृद्धलाई बुझाउने नाम र वाक्यगत प्रसङ्गमा कमी देखिन्छ । युवा तथा वयस्कका क्रियाकलापसम्बद्ध प्रसङ्ग प्रशस्त देखिन्छन् । उमेरगत आधारमा पाठ्यपुस्तक सन्तुलित देखिन्छ । यसमा कुनै पनि जातिगत विभेदसमेत देखिँदैन । यसले निम्न, मध्यम र उच्च वर्गलाई समेटेको छ । यसमा वर्गीय विभेद झल्किदैंन । मौलिक संस्कृति र पहिचानलाई उत्कृष्ट तरिकाले प्रस्तुत गर्न सकेकाले यो समाजसापेक्ष दृष्टिले उत्कृष्ट देखिन्छ ।

## विषयसूची


| **शीर्षक** | **पृष्ठ सङ्ख्या** |
| --- | --- |
| प्रतिबद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञता ज्ञापन | घ |
| शोधसार | च |
| विषय सूची | छ |
| तालिका सूची | ञ |
| चित्र सूची | ठ |
| सङ्क्षिप्त शब्दसूची | ड |
| **अध्याय एक : शोधपरिचय** | **१-५** |
| विषयप्रवेश | १ |
| समस्याकथन | ३ |
| शोधप्रश्न | ३ |
| अध्ययनका उद्देश्य | ३ |
| अध्ययनको औचित्य | ४ |
| अध्ययनको परिसीमा | ४ |
| शोधपत्रको रूपरेखा | ५ |
| **अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन** | **६-२१** |
| सैद्धान्तिक कार्यको पुनरावलोकन | ६ |
| प्रायोगिक कार्यको पुनरावलोकन | ८ |
| पूर्वकार्य पुनरावलोकनको उपयोगिता | १० |
| सैद्धान्तिक अवधारणा | ११ |
|     पाठ्यपुस्तक | ११ |

भाषा पाठ्यपुस्तक ११
पाठ्यपुस्तकका प्रकार ११
पाठ्यपुस्तकका कार्य १२
पाठ्यपुस्तक निर्माणका आधारहरू १२
समाजसापेक्ष अध्ययनका आधारहरू १३
लिङ्ग १३
उमेर १४
पेसा १५
जातजाति १५
धर्मसंस्कृति १६
वर्ग १८
भूगोल १९
विज्ञान तथा प्रविधि १९
लोकतान्त्रिक मूल्यमान्यता २०
अध्ययनको अवधारणात्मक ढाँचा २०
**अध्याय तीन : अध्ययन विधि र प्रक्रिया २२-२४**
अध्ययनको ढाँचा २२
सामग्रीका स्रोत २२
अध्ययनको क्षेत्र र नमुना २२
सामग्री निर्माण २४
तथ्य सङ्कलन २४
तथ्यको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण २४

**अध्याय चार : व्याख्या तथा विश्लेषण** २५-७०

पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन २५

लैङ्गिक सन्तुलनको अवस्था २५

उमेरगत सन्तुलनको अवस्था ३४

पेसागत सन्तुलनको अवस्था ४१

जातजातिगत सन्तुलनको अवस्था ४६

धर्मसंस्कृतिगत सन्तुलनको अवस्था ४९

वर्गीय सन्तुलनको अवस्था ५२

भौगोलिक सन्तुलनको अवस्था ५७

विज्ञान प्रविधिको अवस्था ६४

लोकतान्त्रिक मूल्यमान्यताको अवस्था ६८

**अध्याय पाँच : उपसंहार** ७१-७५

प्राप्ति ७१

निष्कर्ष ७३

शैक्षणिक उपादेयता ७४

नीतिगत उपादेयता ७४

शैक्षिक उपादेयता ७४

निर्माणगत उपादेयता ७४

भावी अध्ययनका सम्भाव्य शीर्षकहरू ७५

**सन्दर्भ सामग्रीसूची** ७६-७७

परिशिष्टहरू क-ख

व्यक्तिवृत्त

## तालिका सूची

**तालिका सङ्ख्या** **पृष्ठ**


| | | | |
|---|---|---|---|
| **तालिका १** | : | *पाठ्यपुस्तक निर्माणका आधारहरू* | १३ |
| **तालिका २** | : | *लिङ्ग बुझाउने शब्द* | १४ |
| **तालिका ३** | : | *उमेर बुझाउने शब्द* | १४ |
| **तालिका ४** | : | *जातजाति बुझाउने शब्दहरू* | १६ |
| **तालिका ५** | : | *धर्म बुझाउने शब्द* | १७ |
| **तालिका ६** | : | *संस्कृति बुझाउने शब्द* | १८ |
| **तालिका ७** | : | *वर्ग बुझाउने शब्दहरू* | १८ |
| **तालिका ८** | : | *भूगोल जनाउने शब्दहरू* | १९ |
| **तालिका ९** | : | *विधागत पाठहरूको विवरण* | २३ |
| **तालिका १०** | : | *कविता विधा* | २५ |
| **तालिका ११** | : | *कथा विधा* | २६ |
| **तालिका १२** | : | *निबन्ध विधा* | २६ |
| **तालिका १३** | : | *रूपक विधा* | ३० |
| **तालिका १४** | : | *जीवनी विधा* | ३२ |
| **तालिका १५** | : | *चिठी विधा* | ३४ |
| **तालिका १६** | : | *कथा विधा* | ३५ |
| **तालिका १७** | : | *जीवनी विधा* | ३८ |
| **तालिका १८** | : | *रूपक विधा* | ३९ |
| **तालिका १९** | : | *चिठी विधा* | ४१ |
| **तालिका २०** | : | *कथा विधा* | ४२ |
| **तालिका २१** | : | *निबन्ध विधा* | ४३ |
| **तालिका २२** | : | *जीवनी विधा* | ४४ |
| **तालिका २३** | : | *रूपक विधा* | ४५ |

| | | | |
|---|---|---|---|
| **तालिका २४** | : | *चिठी विधा* | ४६ |
| **तालिका २५** | : | *निबन्ध विधा* | ४७ |
| **तालिका २६** | : | *जीवनी विधा* | ४८ |
| **तालिका २७** | : | *रूपक विधा* | ४९ |
| **तालिका २८** | : | *कथा विधा* | ४९ |
| **तालिका २९** | : | *जीवनी विधा* | ५१ |
| **तालिका ३०** | : | *निबन्ध विधा* | ५१ |
| **तालिका ३१** | : | *कथा विधा* | ५३ |
| **तालिका ३२** | : | *जीवनी विधा* | ५४ |
| **तालिका ३३** | : | *निबन्ध विधा* | ५५ |
| **तालिका ३४** | : | *रूपक विधा* | ५६ |
| **तालिका ३५** | : | *कथा विधा* | ५७ |
| **तालिका ३६** | : | *कविता विधा* | ५८ |
| **तालिका ३७** | : | *जीवनी विधा* | ५९ |
| **तालिका ३८** | : | *निबन्ध विधा* | ६१ |
| **तालिका ३९** | : | *चिठी विधा* | ६३ |
| **तालिका ४०** | : | *कविता विधा* | ६४ |
| **तालिका ४१** | : | *कथा विधा* | ६५ |
| **तालिका ४२** | : | *जीवनी विधा* | ६६ |
| **तालिका ४३** | : | *निबन्ध विधा* | ६६ |
| **तालिका ४४** | : | *रूपक विधा* | ६७ |
| **तालिका ४५** | : | *चिठी विधा* | ६८ |
| **तालिका ४६** | : | *जीवनी विधा* | ६९ |
| **तालिका ४७** | : | *निबन्ध विधा* | ७० |

# चित्र सूची

**पृष्ठ**

**चित्र सङ्ख्या**


| | | |
|---|---|---|
| **चित्र १** | *अवधारणात्मक ढाँचा* | २१ |

# सङ्क्षिप्त शब्दसूची

| **सङ्क्षिप्त शब्द** | **पूर्ण शब्द** |
|---|---|
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| वि.सं. | विक्रम सम्वत् |
| क्र.सं. | क्रम सङ्ख्या |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| गा.प. | गोरखापत्र |
| गा.पा. | गाउँपालिका |
| काठ. | काठमाडौं |
| प्र.म. | प्रधानमन्त्री |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |
| इ. | इन्जिनियर |

# अध्याय एक : शोधपरिचय

## विषयप्रवेश

समाज मानिसहरूको जमात वा समूह हो । एकै परिवेशमा रहेका आपसी सम्बन्धमा बसेका, विचारहरूको आदानप्रदान गर्ने, अधिकारको संरक्षण गर्ने, आफ्नोपनको अनुभव गर्ने, एकताबद्ध हुने तथा इच्छा र मागहरू एकै प्रकारका भएका मानिसको जमातलाई समाज भनिन्छ । यो साझा लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि मानिसहरू मिलेर बसोबास गर्ने ठाउँ हो (शर्मा र शर्मा, २०७५, पृ. १४५) । मानिस चेतनशील, विवेकशील र सामाजिक प्राणी हो । मानिसको अस्तित्व समाजमा नै रहन्छ । समाजमा विभिन्न नीति, नियम, परम्परा, संस्कार र चालचलन हुन्छन् । जहाँ विभिन्न धर्म, संस्कार, जातजाति र भाषाभाषी भएका मानिसहरूको बसोबास हुन्छ (शर्मा एन्ड शर्मा, २०७५, पृ. १४३) । यसबाट समाजबिना मानिसको अस्तित्व छैन र मानिसको अस्तित्व समाजमा रहेको हुन्छ भन्ने देखिन्छ ।

सापेक्षता आधुनिक भौतिक विज्ञानको एउटा महत्त्वपूर्ण सिद्धान्त हो जसलाई अल्बर्ट आइन्सटाइनले विकसित गरेका थिए (पा.वि.के., २०६९, पृ. ७) । एक वस्तुको गति अर्को वस्तुको गतिमा देखापर्ने असर नै सापेक्षताको सिद्धान्त हो । उनी प्रकाश स्थिर छ भन्ने हुँदै होइन, मानिस प्रकाशको गति नदेखेर यो स्थिर छ भन्ने भ्रममा रहेका छन् भन्छन् । समाजका हरेक पक्ष गतिशील र परिवर्तननशील हुन्छन् तर समाज स्थिर रहेको देख्नेहरू पनि छन् । प्रकृतिले दिएका गुण प्रकृतिमा रहेका सबैको हितमा प्रयोग गर्नुपर्छ अर्थात् आगाको धर्म, हावाको धर्म, पानीको धर्म स्विकार्नुपर्छ । भौतिक र अभौतिक वस्तु, पदार्थ सबैको जिम्मेवारी तोकिएको छ र त्यो नै सापेक्षता हो । हरेक व्यक्तिमा हुने क्षमता र त्यो क्षमताअनुसार उसले गर्ने पेसागत इमान्दारीसँगै सामाजिक उत्तरदायित्व हुन्छ र त्यो नै उसको सापेक्षता हो (देवकोटा, २०७९, फागुन १४, गो.प., अनलाइन पत्रिकाबाट २०८१ मा साभार) । यसबाट मानिस कुनै कुरा जानेर वा नजानेर निरपेक्ष हुँदैन अप्रत्यक्ष रूपमै उसले आफ्नो प्रगति र भलो सोचिरहेको हुन्छ त्यो नै सापेक्षता हो भन्ने बुझिन्छ ।

भाषा पाठ्यपुस्तकमा आवश्यकताको विश्लेषण गरिएको हुन्छ । यसमा निर्धारण गरिएका उद्देश्य, पाठ्यवस्तु र तिनीहरूको प्रस्तुति, क्रम, शिक्षण विधि र मूल्याङ्कनका

निमित्त सुझाइएका सम्पूर्ण कुराहरूको अध्ययन, र चिन्तनमनन हुन्छ । यो विषय विशेषज्ञबाट सङ्कलन, सम्पादन वा लेखनबाट तयार गरिन्छ । यसलाई सरल, सहज, सुलभ, सुगम, विश्वासिलो र भरपर्दो साधन मानिन्छ । यसले पाठ्यक्रमले प्रदान गरेका सैद्धान्तिक स्वरूपलाई व्यावहारिक रूप दिने कार्य गर्दछ । यसले खास तह, कक्षा शिक्षक, प्रशासक, निरीक्षक, अभिभावकलाई सिक्ने र सिकाउने कुरामा आश्वस्त तुल्याउन सक्नुपर्छ (ढकाल, २०७७, पृपृ. १२४-१३७) । यसबाट पाठ्यपुस्तकका माध्यमबाट विभिन्न किसिमका अपेक्षाहरू परिपूर्ति गर्न, कक्षा स्तरका लागि उपयोगी सामग्री हो भन्ने बुझिन्छ ।

सिकारु व पाठकले भाषा पाठ्यपुस्तकमा भएका प्रत्येक शब्दलाई हृदयङ्गम गर्नुपर्ने हुन्छ । भाषा पाठ्यपुस्तक अन्य पाठ्यपुस्तकसँग विधागत प्रकृति, आभिव्यक्तिगत, विषयवस्तुगत, अभ्यासगत प्रस्तुति आदिका दृष्टिले विभिन्न प्रकृतिका हुन सक्छन् । शब्दभण्डार तथा संरचनात्मक क्षेत्रका अनुभव अभिवृद्धि गर्न, भाषिक बोध क्षमता अभिवृद्धि गर्न, भाषिक अभिव्यक्ति क्षमता अभिवृद्धि गर्न र व्यक्तित्व विकास गर्न भाषा पाठ्यपुस्तक सहयोगी हुन सक्छ (ढुङ्गेल र दाहाल, २०७०, पृ. १०१) भन्ने देखिन्छ ।

समाज र पाठ्यपुस्तक एक अर्कासँग अन्तर्सम्बन्धित हुनुपर्दछ । समाजको परिस्थिति र पाठ्यपुस्तकका विषयहरू फरक भएमा अपेक्षित कुराहर पूरा हुन सक्दैनन् । विविधतामय समाजमा पठनपाठनका लागि प्रयोग हुने पाठ्यपुस्तक समाजसापेक्ष हुनेगरी लेखिनु आवश्यक छ । पाठ्यपुस्तक समाजको परिस्थितिअनुरूप निर्माण हुँदा विद्यार्थीले समाजलाई नजिकबाट बुझ्ने अवसर प्राप्त गर्दछन् । नेपाली समाजले अपेक्षा गरेका ज्ञान, सिप, अभिवृत्तिको विकास गर्न पाठ्यपुस्तक सक्षम हुनुपर्दछ । विद्यालयमा पठनपाठन गरिने पाठ्यपुस्तमा नेपाली समाज प्रतिविम्बन हुनु आवश्यक छ (पोखरेल, २०७६, पृ. ४६) । यसबाट शिक्षा समाजको महत्त्वपूर्ण आधार हो भन्ने देखिन्छ ।

प्रस्तुत अध्ययन यसअघि कसैले नगरेको परिवर्तित पाठ्यक्रमअनुसारको पाठ्यपुस्तकमा केन्द्रित रहेको छ । परिवर्तित पाठ्यक्रमअनुसारको कक्षा नौको भाषा पाठ्यपुस्तक (२०७९) समाजसापेक्ष छ छैन भन्ने कुरा विगत र यसका बिचको शोधान्तराल रहेको हुँदा प्रस्तुत शोधशीर्षक छनोट गरिएको छ ।

**समस्याकथन**

पाठ्यक्रमका उद्देश्य पूरा गर्न सक्ने खालका पाठ्यपुस्तक निर्माण गर्दा लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको सन्तुलन मिलाउनु आवश्यक हुन्छ । यसका लागि पाठ्यक्रम निर्माणदेखि नै शिक्षाविद् तथा पाठ्यक्रम निर्माताले विशेष ध्यान दिनुपर्छ । निर्धारित पाठ्यपुस्तक लेखनका क्रममा विधा छनोट, पाठहरूको वितरण र पाठअनुसार अध्यायहरूको व्यवस्थापन समाजसापेक्ष दृष्टिकोणबाट मिलाउन सकिएको छ, छैन भन्ने कुरा यस अध्ययनमा हेर्न खोजिएको छ । यसभन्दा अगाडि कि जातीय, कि लैङ्गिक, कि भाषिक आदि कुनै एक विषयमा मात्र अध्ययन कार्य भएको देखिन्छ । कक्षा नौको परिवर्तित पाठ्यपुस्तकमा सबै सामाजिक पक्षहरूको सन्तुलनलाई एकसाथ समेट्न सकिएको छ, छैन भन्ने विषय यस अध्ययनमा मुख्य समस्या मानिएको छ । यसलाई शोध अन्तराल मानी प्रस्तुत विषय छानिएको छ । यस अध्ययनमा विगतभन्दा भिन्न ढङ्गबाट समाजसापेक्षताका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन गरिएको छ । यही शोधान्तरालमा टेकेर यस अध्ययनका लागि दुई वटा शोधप्रश्न निर्धारण गरिएको छन् ।

**शोधप्रश्न**

प्रस्तुत अध्ययनलाई निम्नानुसारका दुई शोधप्रश्नमा केन्द्रित गरिएको छ :

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तक (२०७९) मा लिङ्ग, उमेर, पेसा, जातजाति र धर्मसंस्कृतिको अवस्था के कस्तो रहेको छ ?

(ख) कक्षा नौको नेपाली पाठ्यपुस्तक (२०७९) मा वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्य मान्यताको अवस्था के कस्तो रहेको छ ?

**अध्ययनका उद्देश्य**

प्रस्तुत अध्ययनका लागि निम्नानुसारका दुई उद्देश्य निर्धारण गरिएका छन् :

क) कक्षा नौको नेपाली पाठ्यपुस्तक (२०७९) लाई लिङ्ग, उमेर, पेसा, जातजाति र धर्मसंस्कृतिका दृष्टिले समाजसापेक्ष अध्ययन गर्नु ।

ख) कक्षा नौको नेपाली पाठ्यपुस्तक (२०७९) लाई वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्य मान्यताका दृष्टिले समाजसापेक्ष विश्लेषण गर्नु ।

**अध्ययनको औचित्य**

यस अध्ययनले कक्षा नौको नेपाली पाठ्यपुस्तकको लिङ्ग, उमेर, जातजाति, पेसा, धर्म संस्कृति, वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताका आधारमा त्यसको अध्ययन विश्लेषण गरिएको हुनाले यो औचित्यपूर्ण हुने विश्वास गरिएको छ ।

यस अध्ययनबाट पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई भाषा पाठ्यक्रमअनुकूल भाषा पाठ्यपुस्तकमा विधा छनोट एवम् समाजसापेक्ष विषयवस्तुको सन्तुलित वितरणकालागि आंशिक सहयोग पुग्ने भएकाले यो औचित्यपूर्ण हुने अपेक्षा गरिएको छ ।

यसबाट समाजसापेक्षताका दृष्टिले सन्तुलित भाषा पाठ्यपुस्तक कस्तो हुन्छ र शिक्षण सिकाइमा त्यसको महत्त्व के कसरी पुष्टि हुन्छ भन्ने विषयमा सरोकारवाला सबैलाई सामान्य जानकारी प्राप्त हुने विश्वासका साथ यो अध्ययनीय विषय रोजिएको छ ।

प्रस्तुत अध्ययनबाट शिक्षक, विद्यार्थी र भावी अध्येतालाई पाठ्यपुस्तकको विधा छनोट र विषयवस्तुको सन्तुलनका दृष्टिले समाजसापेक्ष अध्ययन कसरी गर्न सकिन्छ भन्ने विषयमा उचित मार्गदर्शन प्राप्त हुने अपेक्षा गरिएको छ ।

**अध्ययनको परिसीमा**

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा अध्ययन गर्नुपर्ने धेरै क्षेत्रहरू रहेका छन् । सबै क्षेत्रलाई स्नातकोत्तर तहको सङ्क्षिप्त प्रकृतिको यस अध्ययनमा समेट्न सक्ने कुरा सम्भव थिएन । यसर्थ प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रअन्तर्गत जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित माध्यमिक तह कक्षा नौको अनिवार्य विषयअन्तर्गत नेपाली पाठ्यपुस्तकमा सीमित रहेको छ ।

(ख) यो अध्ययन वि.सं. २०७९ मा प्रकाशित भई शिक्षण सिकाइमा सिफारिस गरिएको नेपाली पाठ्यपुस्तकमा मात्र सीमित रहेको छ ।

(ग) यसलाई निर्धारित नेपाली पाठ्यपुस्तकमा मूल पाठले वहन गरेका लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताका दृष्टिले सन्तुलित छ छैन भन्ने कुराको अध्ययनमा सीमित गरिएको छ ।

(घ) यसलाई समाजसापेक्ष विधा छनोट एवम् विषयवस्तु सन्तुलका दृष्टिले पाठ्यपुस्तक सन्तुलित छ छैन भन्ने विषयको समग्र अध्ययनमा सीमित गरिएको छ ।

## परिसीमित विशिष्ट शब्दावली

**समाज** : एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एउटै स्थानमा बसोबास गर्ने मानिसहरूको समूह ।

**समाजसापेक्ष अध्ययन** : कुनै तह र कक्षाको नेपाली पाठ्यपुस्तकमा रहेका विधागत पाठहरूमा लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको सन्तुलन मिलेको छ छैन भनी गरिने अध्ययन ।

**कक्षा नौको नेपाली पाठ्यपुस्तक :** माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शन सिद्धान्तअनुरूप तयार पारिएको नेपाली पाठ्यपुस्तक, २०७९ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोध अध्ययनलाई निम्नलिखित पाँच अध्यायमा पूरा गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन

अध्याय तीन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : उपसंहार

## अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन

यस अध्ययनमा अवधारणाको विकास, यसपूर्व विकसित भएका सिद्धान्त, सम्बद्ध विषयका सैद्धान्तिक र प्रायोगिक कार्यहरूको पुनरावलोकन, पूर्वकार्य पुनरावलोकनको उपयोगिता, सैद्धान्तिक अवधारणा र अवधारणात्मक ढाँचालाई क्रमशः स्थान दिइएको छ ।

### सैद्धान्तिक कार्यको पुनरावलोकन

मिश्र (२०६७) द्वारा लिखित *बदलिँदो नेपाली समाज* (पृ. १९) नामक पुस्तकमा बदलिँदो समाज, नेपाली समाजको रूपान्तरण, परिवर्तनको समाजशास्त्र, धर्म र संस्कृति, नेपालमा समाजशास्त्र, नारी, पुरुष र सम्पत्ति, गरिबी, विकास र राजनीति आदि विषयको व्याख्या गरिएको छ । यस पुस्तकमा राजसत्ता, समाज, परिवार र व्यक्तिबिचको सम्बन्ध, सङ्घर्ष र परिवर्तनलाई अभिलेखन गरिएको छ । नेपाली समाजको परिवर्तनले समाजशास्त्रको माग गरिसकेको कुरा बताइएको छ । यस पुस्तकको अध्ययनबाट कक्षा नौको नेपाली पाठ्यपुस्तकमा सामाजिक सापेक्षताको बारेमा बुझ्न सहयोग पुगेको छ ।

उपाध्याय (२०६९) द्वारा लिखित *नेपालको सामाजिक आर्थिक तथा प्रशासनिक इतिहास* (पृपृ. १६-१७) नामक पुस्तकमा सामाजिक इतिहास, आधुनिक समाज, शिक्षा प्रणाली, सामाजिक संस्कार, धार्मिक स्थिति, जाति र वर्ण व्यवस्था जस्ता विषयमा व्याख्या र विश्लेषण गरिएको छ । जसमा इसापूर्व प्रथमा लिच्छवि राजा सुपुष्प देवले पहिले वर्णव्यवस्था गरेका, गोपाल वंशावलीमा जयस्थिति मल्लले चार वर्ण छत्तिस जातको व्यवस्था मिलाए भनी लेखिएपछि जयस्थिति मल्ले व्यवसायका आधारमा जातलाई छत्तीस वर्णमा विभाजन गरेको, वैदिक कालमा चार वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र विभाजन गरेको आदि कुरा उल्लेख छ । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनका कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको जातिको बारेमा बुझ्न सहयोग पुगेको छ ।

ढुङ्गेल र दाहाल (२०७०) द्वारा *नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तक तथा शिक्षण पद्धति* (पृ. ३२) नामक पुस्तकमा भाषा पाठ्यक्रमको परिचय, भाषा पाठ्यपुस्तकको छनोट र स्तरण, भाषा पाठ्यक्रमको अध्ययन, विश्लेषण, मूल्याङ्कन र निर्माण, भाषा पाठ्यपुस्तकको परिचय, निर्माण योजना, तथा अध्ययन, विश्लेषण, भाषा शिक्षणको परम्परागत पृष्ठभूमि र वर्तमान स्थिति, भाषा शिक्षणका केही विशिष्ट पद्धतिहरूको बारेमा अध्ययन र विश्लेषण

गरिएको छ । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको भाषा पाठ्यपुस्तकबारे बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

शर्मा एन्ड शर्मा (२०७५) द्वारा *शिक्षाको दर्शनशास्त्रीय समाजशास्त्रीय आधार* (पृ. १५७) पुस्तकमा भाषा शिक्षाको अर्थ, उदेश्य, विद्यालय र समाज, समाजशास्त्र, समुदाय, सामाजीकरण, शिक्षा र सामाजिक, नीति, दर्शनको परिभाषा जस्ता विषयहरूमा व्याख्या विश्लेषण गरिएको छ । यसमा विद्यालय र समाज पाठमा समाजमा विभिन्न वर्ग, जातजाति, भाषा, संस्कृतिको चर्चा गरिएको छ । विद्यालयले सामाजिक आशा र आवश्यकता पूरा गर्दछ । यसले सामाजिक अन्तर्क्रिया गरी व्यक्तित्व विकास गर्दछ । यसमा विद्यालय र समाजको अन्तर्सम्बन्धबारे अध्ययन गरिएको छ । यसबाट प्रस्तुत अध्ययनमा समाज र विद्यालयबिचको सम्बन्धका बारेमा धारणा बुझ्न सहयोग पुगेको छ ।

पौडेल (२०७६) द्वारा लिखित *जात र वर्ग* (पृ. ९९) नामक पुस्तकमा सामाजिक स्तरण, जातको अवधारणा र समाजको जातीय विभाजनको बुझाईमा सैद्धान्तिक भिन्नता, नेपालमा जात र यसको इतिहास, जाति व्यवस्थामा परिवर्तन, जात र वर्गमा भिन्न्ता, नेपालमा वर्ग र समाजका अन्तरखण्डहरू, वर्गमापन, वर्ग र जीवनशैली, सामाजिक गतिशीलता जस्ता पक्षको व्याख्या गरिएको छ । जात व्यवस्था जन्मजात हैसियतमा निर्धारण भएकाले स्थिति अपरिवर्तनशील हुन्छ भने वर्ग आर्जित हैसियतमा कर्मले प्राप्त गर्न हैसियत जन्मपछि र परिवर्तनशील हुन्छ । यस पुस्तकको अध्ययनबाट प्रस्तुत अध्ययनका कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको जातीय र वर्गीय सापेक्षता के कस्तो छ बुझ्न सहयोग पुगेको छ ।

शर्मा (२०७७) द्वारा लिखित *हाम्रो समाज एक अध्ययन* (पृ. ५६) नामक पुस्तकमा मानव विकासको सन्दर्भमा नेपाली समाज, नेपालको भौगोलिक स्थिति, हाम्रो समाजले आर्जेको भौतिक र सांस्कृतिक उपलब्धि, जातिवादको सन्दर्भमा नेपाली समाज आदि विषयमा व्याख्या र विश्लेषण गरिएको छ । जसमा ईसाको १७६७ मा फ्रेन्च विद्वान् के. अर्दुले आफ्नो अध्ययनका आधारमा संस्कृत, ल्याटिन र ग्रीक भाषाका शब्दको मात्र होइन, व्याकरणमा पनि समानता छ भन्ने विचार प्रस्तुत गरेको पाइन्छ । उनले पेस गरेको 'एशियाटिक सोसाइटी अफ बङ्गाल' नामक संख्यामा पेस गरेको निबन्धमा संस्कृत भाषाको पितृसित मिल्ने ल्याटिनको, पेतर, ग्रीकको पतेर, अङ्ग्रेजीको फायर एकै प्रकारका छन् भनेका छन् । यस पुस्तकको अध्ययनबाट

प्रस्तुत अध्ययनका कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयोग भएको सापेक्षताबारे बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

पौडेल (२०७९) द्वारा लिखित *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति* (पृ. १४५) नामक पुस्तकमा भाषा पाठ्यक्रमको परिचय, भाषा पाठ्यवस्तुको छनोट र स्तरण, भाषा पाठ्यक्रमको अध्ययन र निर्माण, भाषा पाठ्यपुस्तकको स्वरूप, विशेषता, परम्परागत र आधुनिक भाषा पाठ्यपुस्तक, भाषा पाठ्यपुस्तक निर्माणका आधारहरू, पाठ्यपुस्तक निर्माण योजना आदि विषयमा व्याख्या तथा विश्लेषण गरिएको छ । यस पुस्तकको एकाइ चारमा भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुरालाई व्यावहारिक कार्यकलाप र प्रक्रियामा ढालेर उद्देश्यपूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो भनी बताइएको छ । यसबाट प्रस्तुत अध्ययनमा भाषा पाठ्यपुस्तकका परिचय र प्रकरबारे बुझ्न सहयोग पुगेको छ ।

**प्रायोगिक कार्यको पुनरावलोकन**

सापकोटा (२०६७) ले *कक्षा ७ को नयाँ नेपाली शृङ्खलाको विश्लेषणात्मक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । यसमा *पाठ्यक्रमअनुरूपताका आधारमा नयाँ नेपाली शृङ्खलाको विश्लेषण गर्नु, नेपाली शृङ्खलाको सबल र दुर्बल पक्ष पहिल्याउनु र प्राप्त निष्कर्षका आधारमा उक्त पाठ्यपुस्तकको सुधारका लागि सुझाव प्रस्तुत गर्नु* गरी तीन उद्देश्य राखिएको छ । यसका लागि पुस्तकालयीय अध्ययन र वर्णनात्मक विधिको प्रयोग गरी कवितामा लोकलय, कथामा पौराणिक, ऐतिहासिक, नीति तथा जीवनीमा आविष्कार, निबन्ध र कलात्मक विषयवस्तुलाई समेट्न नसकिएको, व्याकरणलाई भित्र समावेश गरिएको तर पर्याप्तता नभएको निष्कर्ष निकाली पूर्ण पाठ्यक्रम अनुरूप विधागत प्रस्तुत गरिनुपर्ने, विधाको क्षेत्र, क्रम र पाठहरू पाठ्यक्रमअनुरूप राखिनुपर्ने सुझाव प्रस्तुत गरिएको छ । उक्त अध्ययनले प्रस्तुत अध्ययनमा विधा र विधागत क्षेत्रको बारेमा जान्न र बुझ्न मद्दत पुगेको छ।

पराजुली (२०७०) द्वारा *समाजसापेक्षताका दृष्टिले कक्षा ५ को मेरो नेपाली पाठ्यपुस्तक* शीर्षकमा शोधपत्र तयार गरिएको छ । यस अध्ययनमा *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ५ को नेपाली पाठ्यपुस्तकको विश्लेषण गर्नु र पाठ्यपुस्तकको समाजसापेक्षता केलाउनु* गरी दुईवटा उद्देश्य राखिएका छन् । यसमा पुस्तकालयीय अध्ययन अपनाई पाठ्यपुस्तकमा भाषातत्वअन्तर्गत पाठ्यक्रमले तोकेअनुसार क्षेत्र पाठ्यपुस्तकमा समावेश

नगराइएकाले भाषातत्व पक्ष कमजोर रहेको, वयस्कले प्रयोग गर्ने भाषाको बढी प्रयोग भएको, जात र वर्गका आधारमा पाठ उपयुक्त भएको र पाठमा हिन्दु धर्मले प्राथमिकता पाएको निष्कर्ष निकाल्दै पाठ्यपुस्तक समाजसापेक्ष रहेको निष्कर्ष निकालिएको छ। यसबाट शोधप्रस्तावका लागि समाजसापेक्षतासम्बन्धी के कस्तो धारणा रहेका छन् भनी बुझ्न सहयोग पुगेको छ।

घिमिरे (२०७४) द्वारा *समाजसापेक्षताका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तक* शीर्षकको शोधपत्र तयार गरिएको छ। यस अध्ययनमा *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रस्तुत समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्म संस्कृति, वर्गको विश्लेषण गर्नु र उक्त पाठ्यपुस्तकमा प्रस्तुत भूगोल, विज्ञान प्रविधिको विश्लेषण गर्नु* गरी दुई उद्देश्य तय गरी वर्णनात्मक ढाँचामा पुस्तकालयीय र सर्वेक्षण अध्ययन पद्धतिलाई अपनाइएको छ। उक्त अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययनमा सीमित रही पुस्तकमा भएका कथा, जीवनी, दैनिकी, संवाद, वक्तता विधामा लिङ्ग बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्ग र पात्रका क्रियाकलापले समाजसापेक्षता प्रस्तुत गरेको पाठ्युस्तकमा अति उच्च, उच्च, मध्यम, निम्न र अति निम्न वर्गको उपस्थिति पाइएको, लोकतान्त्रिक मूल्यमान्यतालाई पाठमा स्थान दिइएको निष्कर्ष निकालिएको छ। यस अध्ययनले प्रस्तुत अध्ययनका लागि समाजसापेक्षसम्बन्धी धारणा बुझ्नका लागि सहयोग पुऱ्याएको छ।

के.सी. (२०७५) ले *कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण* गरेका छन्। *भाषा पाठ्यपुस्तक आन्तरिक तथा बाह्य विशेषताको निर्धारण गर्नु र पाठ्यपुस्तकको स्तर अनुरूप, पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्ध केलाउनु* भन्ने उद्देश्यमा केन्द्रित रही अध्ययन गरिएको छ। पुस्तकालयीय अध्ययन र काठमाडौँ ललितपुरका सामुदायिक तथा संस्थागत नौ वटा विद्यालयका कक्षा नौमा अध्ययन अध्यापन गराउने शिक्षकसँग भाषिक मूल्याङ्कनसँग सम्बन्धित भई प्रश्न सोधेर त्यसका बारेमा व्याख्या विश्लेषण गरिएकाले सर्वेक्षण विधि प्रयोग गरिएको छ। यस अध्ययनबाट पाठ्यपुस्तकमा मानक भाषा प्रयोग भएको, बालभाषा नभई वयस्कको भाषा प्रयोग गरिएको, पाठ्यपुस्तकमा हिन्दु धर्मले प्राथमिकता पाएको निष्कर्ष निकालिएको छ। यो अध्ययन विषयसम्बद्ध नभए पनि यसले कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका विधाहरूको बारेमा जान्न सामान्य सहयोग पुऱ्याएको छ।

भुसाल (२०८०) द्वारा *समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक* शीर्षकमा शोध गरिएको छ । यस अध्ययनमा *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेको समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग सन्तुलन, भूगोल र विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको अवस्था पत्ता लगाउनु र समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तकमा के कसरी सन्तुलन मिलाउन खोजिएको छ त्यसको विश्लेषण गर्नु* गरी दुई उद्देश्य रहेका छन् । यस अध्ययनमा गुणात्मक ढाँचाभित्र वर्णनात्मक विधि प्रयोग गरी कक्षा दशको नेपाली पाठ्यपुस्तक समाजसापेक्ष रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनले प्रस्तुत अध्ययनका लागि समाजसापेक्षतासम्बन्धी विविध पक्षको बारेमा बुझ्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

## पूर्वकार्य पुनरावलोकनको उपयोगिता

पूर्वकार्यको अध्ययनविना वर्तमान कार्य अधुरो हुने पूर्वकार्यको अध्ययन गर्नु आवश्यक पर्दछ । पूर्वकार्यको समीक्षाले प्रस्तुत अध्ययनमा पूर्वकार्यको पुनरावलोकनबाट शोधपत्रका लागि कक्षा नौको पाठ्यपुस्तक समयसापेक्ष छ कि छैन निर्क्योल गर्न सहयोग पुगेको छ । यसबाट शोधपत्रहरूको अध्ययनमा कस्तो शीर्षक चयन गर्न, समस्या पहिचान गर्न, उद्देश्य निर्धारण कसरी गर्ने र औचित्य कसरी सिद्ध गर्न भन्ने बारेमा आवश्यक जानकारी प्राप्त भएको छ । यसबाट निर्धारित पाठ्यपुस्तक समाजसापेक्ष रहे वा नरहेको र तिनीहरूका लागि कस्ता विधि र प्रक्रिया अवलम्बन गर्ने भन्ने बारेमा आवश्यक सहयोग प्राप्त भएको छ । यस अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरू, ज्ञान, सिप, प्रविधिको बारेमा जानकारी प्राप्त गर्न मद्दत पुगेको छ । यसबाट निर्धारित पाठ्यपुस्तकको अध्ययन गर्दा अपनाउनुपर्ने सावधानीका विषय र अध्ययनको गहिराइबाट निष्कर्षमा कसरी पुग्न सकिन्छ भन्ने प्रक्रिया सम्बद्ध प्राविधिक पक्षमा आवश्यक सहयोग पुगेको छ । यस अध्ययनबाट प्राप्त सूचनाहरूलाई वर्गीकरण र तालिकीकरण कसरी गर्ने, कुन विधि अपनाएर व्याख्या विश्लेषण गर्ने भन्ने कुरामा मदत पुगेको छ ।

**सैद्धान्तिक अवधारणा**

यस शीर्षकअन्तर्गत पाठ्यपुस्तक, भाषापाठ्यपुस्तक, पाठ्यपुस्तकका प्रकार, पाठ्यपुस्तकका कार्य, पाठ्यपुस्तक निर्माणका आधारहरू, समाजसापेक्ष अध्ययनका आधारहरू समेटिएका छन् ।

**पाठ्यपुस्तक** : पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख साधन पाठ्यपुस्तक हो । यो विद्यार्थीहरूका लागि कुनै निश्चित ज्ञान प्राप्तिका सम्बन्धमा तोकिएको विषयको निर्धारित पाठ्यक्रमअनुसार रचना गर्दछ । यसले शिक्षक तथा विद्यार्थी दुबैलाई मार्गदर्शन गर्दछ । यसले विद्यार्थीलाई गृहकार्य, पुनरावृत्ति र अभ्यास  गर्न सहयोग पुऱ्याउँदछ । यसबाट विद्यार्थीहरूको मानसिक तथा बौद्धिक क्षमताअनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्न शिक्षकलाई सहयोग मिल्दछ (ढुङ्गेल र दाहाल, २०७०, पृ. ८७) । समग्रमा पाठ्यपुस्तक शिक्षक तथा विद्यार्थीलाई मार्गदर्शन गरी पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य पूरा गर्न तयार पारिएको सामग्री हो भन्ने बुझिन्छ ।

**भाषा पाठ्यपुस्तक** : भाषा पाठ्यक्रमका सैद्धान्तिक कुरालाई व्यावहारिक कार्यकलाप र प्रक्रियामा ढालेर उद्देश्य पूर्ति  गर्न सहयोग पुऱ्याउने भरपर्दो शिक्षणीय सामग्री मानिन्छ । भाषा पाठ्यपुस्तकले विद्यार्थीको मानसिक, सांवेगिक र बौद्धिक पक्षका साथै रुचि, आवश्यकता तथा सिकाइ प्रवृत्तिसमेतलाई ख्याल गरी मनोवैज्ञानिक सिकाइ अनुक्रममा ढालेर तयार गरेको देखिन्छ । यसले शिक्षकलाई के कति, कसरी र कुन क्रममा कस्ता भाषिक अभ्यास गराएर पढाउने भन्ने कुराको जानकारी दिई विद्यार्थीलाई भाषा पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न केकति पढ्ने र कस्तो अभ्यास गरेर कुन क्रममा पढ्ने भन्ने महत्त्वपूर्ण सुझ प्रदान गर्दछ (पौडेल, २०७९, पृ. १४५) । यसबाट निर्धारित लक्ष्य पूरा गर्नका लागि पाठ्यपुस्तक  अनिवार्य सामग्री हो भन्ने देखिन्छ ।

**पाठ्यपुस्तकका प्रकार** : पाठ्यपुस्तकलाई परम्परागत र आधुनिक भनेर व्यतिरेक गर्न समयको आधार त्यति भरपर्दो मानिँदैन । शैक्षणिक परिवेशमा व्यापक फेरबदल वा हेरफेर देखिन्छ । नेपालको सन्दर्भमा वि.सं. १९५८, १९९०, २००७ र २०२८ लाई यस्तै परिप्रेक्ष्यमा राखी हेर्न सकिन्छ । यसमा वि.सं. २०२८ साललाई परम्परागत शिक्षा प्रणाली र आधुनिक

शिक्षण प्रणाली छुट्याउने कोसेढुङ्गो मानिन्छ (पौडेल, २०७९, पृ. १७०) । पाठ्यपुस्तक लेखन र प्रकाशनको परम्परालाई हेर्दा १८९४ मा प्रकाशित 'सुरेन्द्रको पाठ्यपुस्तक' (बेनामी) सम्म पुग्नुपर्ने हुन्छ । यो विद्यालयको पठनपाठनका निमित्त लेखिएको नभए पनि प्रथम पाठ्यपुस्तकको रूपमा देखापर्छ । त्यस्तै १९१० मा दरबार हाइस्कुलको पठनपाठनका लागि गोपालदत्त पाण्डेले नेपाली भाषाका माध्यमबाट गणित शिक्षण गर्न 'व्यक्त चन्द्रिका' (१९४०) र जयपृथ्वीबहादुर सिंहले 'अक्षराङ्क शिक्षा' (१९५८) पठनपाठनको समस्या समाधानार्थ लेखे (ढकाल, २०७७, पृ. १३०) । यसबाट पाठ्यपुस्तक समय सान्दर्भिक हुनुपर्छ भन्ने देखिन्छ ।

**पाठ्यपुस्तकका कार्य** : पाठ्यपुस्तक त्यस्तो आधार सामग्री हो, जसले विद्यार्थी, शिक्षक, प्रशासक, निरीक्षक, अभिभावकलाई सिक्ने सिकाउने कुरामा आश्वस्त तुल्याउँछ । पाठ्यपुस्तकलाई विषय विशेषज्ञहरूको संलग्नतामा लेखन वा सम्पादन हुने र विशेषज्ञको टोलीद्वारा संशोधित र परिमार्जित हुने भएको हुँदा आधिकारिक स्रोत सामग्रीको रूपमा लिइन्छ । भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) सिकाइको अपेक्षा पूरा गर्ने भरपर्दो, विश्वसनीय र सहज पाठ्यसामग्री पाठ्यपुस्तक हो (ढकाल, २०७७, पृ. १२४) । यसरी हेर्दा पाठ्यपुस्तक शैक्षिक कार्यक्रमको महत्त्वपूर्ण कडी हो भन्ने देखिन्छ ।

**पाठ्यपुस्तक निर्माणका आधारहरू** : पाठ्यपुस्तक भाषिक तथा भाषेतर पाठ्यसामग्रीका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपमा विद्यार्थीहिरूलाई प्रवृत्त गराउने महत्त्वपूर्ण पाठ्य सामग्री हो । यसले सम्पूर्ण तहको अध्ययन र अध्यापनलाई एकरूपता र स्तर अनुकूलता प्रदान गर्दछ । यसर्थ यसलाई सस्तो भईकन पनि भरपर्दो सामग्रीका रूपमा लिइन्छ । पाठ्यक्रमका अपेक्षा सरल, सहज, स्वाभाविक र प्रभावकारी रूपमा परिपूर्ति गर्न महत्त्वपूर्ण भूमिका भएको आधरसामग्रीका रूपमा रहेको पाठ्यपुस्तक निर्माण गर्दा विभिन्न कुरामा ध्यान दिनु आवश्यक हुन्छ (ढकाल, २०७७, पृ. १७६) । यसबाट पाठ्यपुस्तक निर्माण गर्दा निर्माताले भाषिक सिपमा ध्यान दिँदै विद्यार्थीको कक्षा अनुरूप शब्दभण्डारलाई आधार मान्नुपर्ने हुन्छ ।

**तालिका १**

*पाठ्यपुस्तक निर्माणका आधारहरू*

| क.सं. | आधारहरू |
|---|---|
| १) | शब्ददभण्डारको नियन्त्रण |
| २) | संरचनात्मक नियन्त्रण |
| ३) | विषयवस्तुको नियन्त्रण |
| ४) | रुचि |
| ५) | आवश्यकता |
| ६) | अन्य |

(स्रोत : ढकाल, २०७७, पृ. १७६)

**समाजसापेक्ष अध्ययनका आधारहरू :** समाजको अपेक्षाअनुसार पाठ्यपुस्तक निर्माण भएका छन्, छैनन् भन्ने कुरा हेर्नुपर्ने हुन्छ । पाठ्यपुस्तकमा आवश्यकताअनुसारका विधागत पाठको सन्तुलन, पाठअनुसारका कार्यकलाप, कार्यकलापअनुकुल अध्यास, अभ्यासअनुकुल समयविन्यास, पाठमा लिङ्ग, उमेर, भाषा, जातजाति, वर्ग आदिको सही व्यवस्थापन भएको छ, छैन भनेर गरिने अध्ययन समाजसापेक्ष अध्ययन हो (ढकाल, २०७३, पृ. १४१) ।

***लिङ्ग :*** 'जेन्डर' सामाजिक अवधारणा हो । जेन्डर शब्दलाई नेपालीको लिङ्गद्वारा व्यक्त गरिन्छ । यसले प्राणी भाले र पोथी वा के भनेर जैविक वर्गीकरण गर्दछ । यही आधारमा भालेपन वा पोथीपनको मूल्य र मान्यता समाजमा विकास भएको हुन्छ, त्यो जेन्डर हो । मानिस मानिस बिचमा जन्मजात शारीरिक वा जैविक भिन्नता हुन्छ । लिङ्गका आधारमा व्यक्ति, पुरुष, महिला, तेस्रो लिङ्गी आदि हुन्छन् (लोहनी, २०७३) । समाजमा महिला र पुरुष दुबैको बसोवास हुन्छ । लिङ्गकै आधारमा समाजमा महिला र पुरुषको सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन आदि भूमिका फरक फरक हुने गरेको पाइन्छ

(घिमिरे, २०७४, पृ. ८) । यसबाट समाजमा लिङ्गका आधारमा मानिसको विविध पक्षको निर्धारण भिन्न भिन्न रूपमा हुन्छ भन्ने बुझिन्छ ।

**तालिका २**

*लिङ्ग बुझाउने शब्द*

| लिङ्ग | लिङ्ग बुझाउने नाम शब्दहरू |
|---|---|
| पुलिङ्ग | बुवा, दाजु, भाइ, काका, फुपाजु, मामा |
| स्त्रीलिङ्ग | आमा, दिदी, बहिनी, काकी, फुपू, माइजू |

(स्रोत : घिमिरे, २०७४, पृ. ७) ।

***उमेर :*** समाजमा उमेरका आधारमा पनि भाषिक प्रयोगमा विभिन्न रूपहरू देखापर्दछन् । उमेर अनुसार भाषामा फरकपन पाइन्छ । बाल, युवा, प्रौढको भाषामा अन्तर पाइन्छ । भिन्न उमेर समूहका मानिसले समाजबाट भिन्न किसिमको व्यवहार, सम्मान प्राप्त गर्दछ । बच्चादेखि युवा, प्रौढ र बुढ्यौली मानिसको भिन्न भूमिका समाजले अपेक्षा गरेको हुन्छ । उमेरकै आधारमा एउटै वस्तु बुझाउन फरक शब्दको प्रयोग हुन्छ (स्रोत : घिमिरे, २०७४, पृ. ८) । यसबाट उमेरअनुसार समाजमा मानिसले भिन्न भिन्न व्यवहार प्राप्त गर्दछन् भन्ने बुझिन्छ ।

**तालिका ३**

*उमेर बुझाउने शब्द*

| उमेर | उमेर बुझाउने नाम शब्दहरू |
|---|---|
| बालक | नाना, पापा, बुबु, तेते |
| युवा | लुगा, मिठा खानेकुरा, दुध, तेल |
| प्रौढ | कपडा, मिठाई, दुध, तेल |

(स्रोत : घिमिरे, २०७४, पृ. ८) ।

***पेसा :*** पेसा मानिसको आय आर्जनको प्रमुख आधार हो । पेसाले मानिसको जीवननशैली, आर्थिक, हैसियत, सामाजिक स्तर, आम्दानी खर्चको व्यवस्थापन आदि कुरामा असर पार्दछ । जीवनलाई सरल बनाउनका लागि प्रत्येक व्यक्तिले कुनै न कुनै पेसा अवलम्बन गर्नुपर्दछ । पेसाका आधारमा मानिसको वर्ग, सामाजिक स्तर छुट्याउन सकिन्छ । प्रत्येक विषयगत क्षेत्रका पेसाहरू पनि आधारभूत : मध्यम र विशिष्ट वा उच्च गरी तीन तहमा रहेका हुन्छन् । सबै पेसाहरूका लागि सक्षम, सिपयुक्त दक्ष र सिर्जनशील व्यक्तिहरू चाहिन्छ । विश्वको प्रत्येक समाजमा विविध पेसामा संलग्न मानिसहरूको बसोबास रहन्छ र पेसाका आकारमा दैनिक जीवनका क्रियाकलापमा विविधता हुन्छन (घिमिरे, २०७४, पृ. ९) । त्यसैले समाजसापेक्ष अध्ययनको आधारका रूपमा पेसालाई लिन सकिन्छ । शिक्षक, इन्जिनियर, किसान, भरिया, श्रमिक, डाक्टर, व्यापार आदि पेसा बुझाउने शब्दका उदाहरण हुन् (घिमिरे, २०७४, पृ. ९) । यसबाट मानव जीवनयापनको आधार भनेकै पेसा हो भन्ने बुझिन्छ ।

***जातजाति :*** वर्ण व्यवस्था अनुसार तोकिएको पेसागत नाम र तह नै जात हो । प्राचीनकालमा चार वर्णबाहेक व्यवसायसँग सम्बन्धित वर्गलाई जातिको दर्जा दिइयो । ऋग्वेदमा हजाम सिकर्मी, वैद्य, काममी, सार्की इत्यादिको उल्लेख छ । यसैगरी अथर्ववेद र तेत्तिरय संहितामा व्यवसायमा आधारित विभिन्न जातिको उल्लेख गरिएको छ । यसमा पनि पानी चल्ने र नचल्ने गरी दुई भागमा जातिलाई विभाजन गरिएको थियो (उपाध्याय, २०६९, पृ. १७) । हिन्दु वर्णाश्रमका आधारमा शुद्ध-अशुद्ध, सानो-ठुलो र तल्लो-उपल्लो भनेर छुट्याइने समूहलाई जात भनिन्छ । हिन्दु वर्ण व्यवस्थाअनुसार ब्राह्मण, क्षेत्री, वैष्य र शुद्र गरी ४ वर्ण र त्यसअन्तर्गत विभिन्न जात उपजातहरू पर्दछन् । जात स्पेनिस भाषाको 'कास्ता' बाट आएको शब्द हो । यसले वंश परम्परा तथा जन्ममा आधारित सामाजिक व्यवस्थालाई जनाउँछ (पौडेल, २०७६, पृ. २३) । जातजातिका आधारमा जीवनस्तर, धर्म संस्कार, रीतिरिवाज, चालचलन फरक फरक हुन्छ । शिक्षाको पहुँचमा पुगेका माथिल्लो जातिका मानिसको जीवनस्तरमाथि हुन्छ भने समाजले तल्लो जात मानेका जातमा जन्मिएकै कारण कतिपय मानिस शोषित, पीडित जीवन बिताउन बाध्य हुन्छन् । धेरै जाति भएको देश हुनाले नेपाललाई बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक देश मानिन्छ

(घिमिरे, २०७४, पृ. १०) । यसबाट जात एक अपरिवर्तनशील स्वरूप हो जुन वर्णव्यवस्थामा आधारित छ भन्ने बुझिन्छ । जातजातिका आधारमा समाजसापेक्ष अध्ययन गर्न सकिन्छ ।

**तालिका ४**

*जातजाति बुझाउने शब्दहरू*

| जाति | शब्दहरू |
|---|---|
| ब्राह्मण | पुरोहित |
| नेवार | साहु |
| क्षेत्री | काजी |
| तामाङ | लामा |
| लिम्बु | सुब्बा |

(स्रोत : पौडेल, २०७६, पृ. ५१) ।

***धर्मसंस्कृति :*** धर्म सामाजिक व्यवस्थाको एउटा प्रमुख एकाइ हो । व्यक्ति वा वस्तुको मूल प्रवृत्ति, मानिसको स्वभाविक गुण हो जुन नैतिकता, विश्वास र व्यवहारसँग सम्बन्धित छ । धर्म मान्ने मान्छे इमान्दार हुन्छन् । धर्म संस्कृतिले सिङ्गो नेपालीको रक्षा गरेको हुन्छ । धर्म नहुँदा मानव मानव हुँदैन, दानव बन्न जान्छ । हरेक वस्तुको गुण हुन्छ जस्तै आगोको गुण धर्म भनेको तातो हुनु हो भने मानिसको मानवता । विश्व संस्कार दर्शनको छ । रहनसहन, परम्परा, रीतिरिवाज, खानपान, प्रथा मिलेर संस्कृतिको विकास हुन्छ । मानिसका समाजमा हुने हरेक क्रियाकलाप, धर्मसंस्कृतिसँग जोडिएका हुन्छन् । मानिसले धर्मसंस्कृतिलाई अँगालेर ती अनुसारका क्रियाकलाप सम्पन्न गर्दछन्, जस्तैः हिन्दु धर्मसंस्कृति अपनाउने मानिसले शालीग्राम पूजा गर्ने, गीता पाठ गर्ने, विवाह व्रतबन्धमा विश्वास गरी त्यसकै अनुसार क्रियाकलाप गर्ने आदि । बौद्ध धर्ममा आस्था राख्नेले त्रिपिटक पढ्ने, भिक्षु बन्ने आदि क्रियाकलाप गर्दछन् । समाजमा धर्म सापेक्ष र धर्म निरपेक्ष गरी दुई प्रकारका

छन् (घिमिरे, २०७४, पृ. ११) । यसबाट मानिसले गर्ने हरेक क्रियाकलाप धर्मसंस्कृतिसँग सम्बन्धित छन् र धर्मले मानिसलाई सत्मार्गतर्फ लैजान्छ भन्ने बुझिन्छ ।

**तालिका ५**

*धर्म बुझाउने शब्द*

| धर्म | बुझाउने शब्द |
|---|---|
| हिन्दु | श्राद्ध, वैष्णव, कन्यादान, शालिग्राम, मन्दिर |
| बौद्ध | गुम्बा, त्रिपिटक, बुद्ध, बिहार |
| क्रिश्चियन | बाइबल, चर्च, यसु |
| मुस्लिम | कुरान, मस्जिद, अल्लाह |

(स्रोत : घिमिरे, २०७४, पृ. ११)

संस्कारयुक्त जीवनपद्धतिलाई संस्कृति भनिन्छ । अर्को शब्दमा उल्लेख गर्दा व्यक्ति समाजमा रहँदा बस्दा अपनाउने चालचलन, रहनसहन एवम् धर्मसंस्कृति र जीवनशैलीलाई संस्कृति भन्दछन् । संस्कृतिको आधारमा व्यक्तिले गर्ने समग्र व्यवहार भने सामाजिक व्यवहार हो । संस्कृति देशको पहिचान र गौरव गाथा भएकोले यस्ता अमूल्य विधिलाई जोगाउनुपर्छ । नेपालको सन्दर्भमा भन्दा नेपाल एक बहुजाति, बहुभाषी एवम् धर्मनिरपेक्ष राष्ट्र भएकोले यहाँको संस्कृतिमा विविधता रहेको छ । संस्कृति मानिसको जीवनशैली हो जुन एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जान्छ । जाति र भूगोल अनुसारका विभिन्न संस्कृति छन् (पोखरेल, २०७८) । यसबाट संस्कृति मानिसको चिनारी हो भन्ने देखिन्छ ।

**तालिका ६**

*संस्कृति बुझाउने शब्द*

| | | | | |
|---|---|---|---|---|
| माघी उँधौली | सेलो | ल्होसार | देउडा | गौरा तिहार |
| उँभौली दसैं | मालश्री | लाखे गाइजात्रा | धाननाच क्रिसमस | सगुन, बालन |

***वर्ग :*** वर्ग मानिसहरूको वृहत् तहको समूह हो जसको आर्थिक स्रोतहरूमा समस्त पहुँच रहेको हुन्छ । वर्ग प्रणालीले मानिसको जीवन अवसर र जीवन शैलीलाई प्रभाव पार्दछ । सम्पत्तिको स्वामित्व रहेको पेसा वर्ग भिन्नताको प्रमुख आधार हो । जसमा व्यक्तिको पेसा, आम्दानी एवम् सामाजिक र राजनैतिक हैसियतले उसको वर्गलाई निर्धारण गर्दछ (पौडेल, २०७६, पृ. ९९) । वर्ग समाजमा उपलब्ध आर्थिक, सामाजिक, राजनैतिक स्रोतसाधनहरूमा व्यक्तिहरूको असमान पहुँचको स्वरूप उत्पन्न हुने सामाजिक स्वरूप हो जुन विशेष गरी आर्थिक प्रवृत्तिको हुने गर्दछ । मेकर्व वेवरले वर्गलाई सामाजिक हैसियतसँग जोडेर आफ्नो धारणा व्यक्त गरेका छन् । समाजमा सबै मानिसहरूको समान वर्ग हुँदैन किनभने वर्गीय असमानताले व्यक्ति एवम् समूहलाई उच्च र निम्न, शक्तिशाली र शक्तिहीन, धनी र गरिब, मालिक र दास, सामन्ती र भूमिहिन, बुर्जुवा र श्रमिक विभिन्न स्तरमा स्तरीकृत गर्दछ (पौडेल, २०७६, पृ. ९०) । वर्ग प्राकृत नभई आर्थिक स्थिति हो । समाजमा उच्च वर्गका मानिसहरूले निम्न वर्गका मानिसलाई शोषण र दमन गरिरहेका हुन्छन् । समाजसापेक्ष अध्ययनको आधार वर्गीयतालाई बनाउन सकिन्छ ।

**तालिका ७**

*वर्ग बुझाउने शब्दहरू*

| वर्ग | वर्ग बुझाउने शब्दहरू |
|---|---|
| उच्च वर्ग | मुख्तियार, मालिक, भाइभारादार |
| मध्यम वर्ग | ठेकेदार, साहुजी, चौकीदार |
| निम्न वर्ग | ज्यामी, भरिया, श्रमिक |

(स्रोत : पौडेल, २०७६, पृ. ९०)

***भूगोल :*** नेपाल भौगोलिक दृष्टिकोणले सम्पन्न मुलुक हो । यहाँ भौगोलिक विशिष्टताका हिसाबले छुट्टै पहिचान बोकेको छ । यहाँको हिमाल, पहाड र तराईको भौगोलिक बनावट एकदमै आकर्षक छ । भूगोलअनुसार मानिसका रीतिरिवाज, चालचलन, रहनसहनमा फरकपना देखापर्दछ । मानिसका दैनिक क्रियाकलापहरू चाडपर्व, संस्कार, संस्कृति, परम्परा भूगोल ठूलो प्रभाव पार्दछ । सामाजिक, आर्थिक र व्यवसायिक गतिविधिमा भिन्नता देखापर्दछ । भूगोलले सामाजिक गतिविधिलाई प्रभाव पार्ने हुँदा भौगोलिकता र स्थायीयतालाई समाजसापेक्ष अध्ययनको आाधार बनाउन सकिन्छ (घिमिरे, २०७४, पृ. १२) । यसबाट मानिसले समाजमा गर्ने गतिविधिलाई भौगोलिकताले प्रभाव पार्दछ भन्ने बुझिन्छ ।

**तालिका ८**

*भूगोल जनाउने शब्दहरू*

| | |
|---|---|
| भूगोल | हिमाल, पहाड, तराई, उपत्यका आदि |


(स्रोत : घिमिरे, २०७४, पृ. १२)

***विज्ञान तथा प्रविधि :*** विज्ञान र प्रविधि कुनै पनि देशको सामाजिक रूपान्तरण र आर्थिक विकासको प्रमुख कडी हो । मानव सभ्यताको सुरुवातसँगै जीवन सहज र सरल बनाउन विज्ञान प्रविधिको प्रयोग हुँदै आएको छ । हाम्रो समाज र सभ्यतामा अनेकौं प्रकारका प्रविधिको प्रयोग गरिन्छ । हरेक देश उन्नति र विकासमा विज्ञान प्रविधिको महत्त्वपूर्ण स्थान छ । आम जनमानसमा रहेको परम्परागत ज्ञान, सीपलाई परिष्कार गर्ने खालका विज्ञान प्रविधि आजको युगमा विकसित भएका छन् । जसले समाज मात्र नभएर सिङ्गो राष्ट्रलाई परिवर्तन गरी विकास तर्फ लगेका छन् । समाजमा हुने हरेक सानादेखि ठुला क्रियाकलापमा विज्ञान प्रविधिले प्रत्यक्ष प्रभाव पार्दछ । त्यसैले विज्ञान प्रविधिलाई समाजसापेक्ष अध्ययनको आधार बनाउन सकिन्छ । घिमिरे (२०७४, पृ. १२) अनुसार *फेसबुक, इमेल, कम्प्युटर, डाटा, साइबर* आदि विज्ञान तथा प्रविधि बुझाउने शब्द हुन् । यसबाट सही समाजको रूपान्तरणको लागि विज्ञान प्रविधिको विकास अपरिहार्य छ भन्ने बुझिन्छ ।

***लोकतान्त्रिक मूल्यमान्यता :*** लोकतन्त्र भनेको जनता सर्वोपरी रहने शासन व्यवस्था हो । कानुनको शासन, न्यायपालिका, स्वतन्त्र, जनउत्तरदायी सरकार, जनसहभागिता, सामाजिक न्याय, समानता, विविधता जस्ता तत्व लोकतान्त्रिक मूल्यमान्यता हो । लोकतान्त्रिक शासन व्यवस्थामा लिङ्ग, धर्म, वर्ग, जातजातिका आधारमा विभेद हुँदैन । समान व्यवहार र समान अधिकारको व्यवस्था हुन्छ । मेलमिलाप, शान्ति र सहअस्तित्व लोकतान्त्रिक संसारका मेरुदण्ड हुन् । लोकतन्त्रको संस्थागत विकासका लागि पाठ्यपुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । विद्यालय तहदेखि नै लोकतन्त्रका कुराहरू पाठ्यपुस्तकमा समेटिएका समतामूलक समाज निर्माण गर्न सहयोग पुग्दछ (घिमिरे, २०७४, पृ. १३) । त्यसैले लोकतान्त्रिक मूल्यमान्यतालाई समाजसापेक्ष अध्ययनको आधार बनाउन सकिन्छ । घिमिरे (२०७४, पृ. १३) अनुसार *सरकार, राष्ट्रपति, लोकतन्त्र, गणतन्त्र, संविधान* आदि लोकतान्त्रिक मूल्य मान्यता बुझाउने शब्द हुन् । यसबाट लोकतान्त्रिक मूल्यमान्यता समेटिएका पाठ्यपुस्तकले समाजमा समानता कायम गर्न मदत गर्दछ भन्ने बुझिन्छ ।

**अध्ययनको अवधारणात्मक ढाँचा**

यस अध्ययनका लागि गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । उक्त ढाँचाभित्र समाजसापेक्षताका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन गरिएको छ । जसमा पाठ्यपुस्तकमा रहेका समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञान प्रविधि र लोकतान्त्रिक मूल्यमान्यताका आाधारमा विश्लेषण गरिएको छ । अध्ययनको अवधारणात्मक ढाँचालाई अध्ययनीय उद्देश्य र क्षेत्र तथा विधि र प्रक्रिया गरी दुई भागमा विभाजन गरिएको छ ।




**चित्र १**

*अवधारणात्मक ढाँचा*

# अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

यस अध्यायलाई अध्ययनको ढाँचा, सामग्रीका स्रोत, अध्ययनको क्षेत्र र नमुना, सामग्री निर्माण, सामग्रीहरूको कार्यान्वयन, तथ्य सङ्कलन र तथ्यको विश्लेषण प्रक्रिया नामक उपशीर्षभित्र व्यवस्थापन गरिएको छ ।

## अध्ययनको ढाँचा

प्रस्तुत अध्ययनका लागि गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । यस ढाँचाचित्र नेपाली पाठ्यपुस्तक (कक्षा नौ, २०७९) को समाजसापेक्ष अध्ययन गरिएको छ । यसमा समाजसँग जोडिएर रहने लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यतालाई आधार बनाई सोहीअनुसारका  शीर्षक र उपशीर्षक राखेर क्रमशः अध्ययन गरिएको छ ।

## सामग्रीका स्रोत

यस अध्ययनका लागि कक्षा नौको पाठ्यपुस्तक र तिनबाट सङ्कलन गरिने तथ्यहरूलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ  । त्यस्तै शोधकार्य सम्पन्न गर्न उपलब्ध हुने र मिल्ने विभिन्न सामग्री, जस्तै- पाठ्यपुस्तक र शोधपत्रहरूलाई द्वितीयक स्रोतअन्तर्गत अपनाइएको छ ।

## अध्ययनको क्षेत्र र नमुना

यस अध्ययनका लागि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधिमन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित र जनक शिक्षा सामग्री केन्द्रबाट मुद्रित माध्यमिक तह कक्षा नौको नेपाली पाठ्यपुस्तक (२०७९) लाई अध्ययनको क्षेत्र र नमुनाका रूपमा स्विकारिएको छ । यसका लागि सम्भावनारहित (उद्देश्यमूलक) नमुना छनोट विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । कक्षा नौको निर्धारित नेपाली पाठ्यपुस्तकमा तालिका ९ अनुसारका विधागत पाठहरू रहेका छन् ।

**तालिका ९**

*विधागत पाठहरूको विवरण*

| क्र.सं. | शीर्षक | विधा | विधागत क्षेत्र | पृष्ठ सङ्ख्या |
|---|---|---|---|---|
| १. | मेघ बिजुली विवाह | कविता | प्रकृतिपरक | १ |
| २. | स्वाद | कथा | सामाजिक | १० |
| ३. | करेसाबारी | निबन्ध | वस्तुपरक | २५ |
| ४. | निवेदन | चिठी | व्यावहारिक लेखन | १३६ |
| ५. | सत्यमोहन जोशी | जीवनी | राष्ट्रिय | ४६ |
| ६. | पर्यावरण सन्तुलन | रूपक | संवाद | ५८ |
| ७. | कालजित र अजङ्गको राक्षसको कथा | कथा | लोक | ६९ |
| ८. | सारङ्गीमा देश | कविता | राष्ट्रवादी | ८२ |
| ९. | कञ्चनजङ्घालाई नियाल्दा | निबन्ध | वर्णनात्मक | ९० |
| १०. | व्यक्तित्व विकासमा विद्यालयको भूमिका | रूपक | वक्तृता | १०३ |
| ११. | समय पीडा | कथा | सामाजिक | ११७ |
| १२. | माइकल फेराडे | जीवनी | अन्तर्राष्ट्रिय | १३१ |
| १३. | कार्यालयीय चिठी | चिठी | चिठी | १४१ |
| १४. | नेपाली लोकबाजा | निबन्ध | संस्कृतिपरक | १४९ |
| १५. | आमाको तस्बिर | कविता | समसामयिक | १५९ |
| १६. | भविष्य निर्माण | कथा | बाल मनोवैज्ञानिक | १६८ |

(स्रोत : कक्षा नौको नेपाली पाठ्यपुस्तक, २०७९)

**सामग्री निर्माण**

यस अध्ययनलाई वैज्ञानिक र विश्वसनीय बनाउनका लागि समस्या र उद्देश्यमा केन्द्रित भई अध्ययनको ढाँचासम्बद्ध आरेख तथा उद्देश्यात्मक सूचनाहरूको प्रकृतिअनुसार विभिन्न उपशीर्षकीय तालिकाहरू निर्माण गरिएका छन् । यसमा समाजसापेक्ष अध्ययनमा आउन सक्ने लिङ्ग, उमेर, जातजाति, वर्ग, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यतासँग मेल खाने गरी गुणात्मक सूचनाका लागि नभइनहुने सामग्रीको यथोचित व्यवस्था गरिएको छ ।

**तथ्य सङ्कलन**

निर्मित सामग्रीको कार्यान्वयनबाट तथ्य सङ्कलन गरिएको छ । यसका लागि प्राथमिक स्रोतका सूचना प्राप्तिका लागि द्वितीयक स्रोतका अप्रकाशित शोधपत्र र पुस्तक आदिलाई आधार बनाइएको छ । यसका लागि पटक-पटक विधागत पाठहरू पढेर सूचनात्मक तथ्य सङ्कलन गरेपछि उद्देश्यको प्रकृतिअनुसार तिनलाई समाजसापेक्ष दृष्टिले वर्गीकरण र तालिकीकरण गरिएको छ ।

**तथ्यको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण**

यस शोधपत्रको शीर्षक, समस्या र उद्देश्यको सीमामा रही माध्यमिक तह कक्षा नौको नेपाली पाठ्यपुस्तकलाई समाजसापेक्ष दृष्टिले के कस्तो छ भन्ने आधारमा अध्ययन गरिएको छ । निर्धारित उद्देश्यअनुसारका सूचनात्मक तथ्यहरूलाई लिङ्ग, पेसा, धर्म र संस्कृतिक, जातजाति, वर्ग, भूगोल, लोकतान्त्रिक मूल्यमान्यता र विज्ञान प्रविधिका वर्गीकरण र तालिकीकरण गरिसकेपछि विश्लेषणका लागि निर्धारित गुणात्मक ढाँचाभित्र वर्णनात्मक विधि अवलम्बल गरी यसमा निर्धारित पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन-विश्लेषण गरिएको छ ।

## अध्याय चार : व्याख्या तथा विश्लेषण

यस अध्यायमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकको परिचयपछि कक्षा नौको नेपाली पाठ्यपुतकमा केन्द्रित रही लैङ्गिक सन्तुलनको अवस्था, उमेरगत सन्तुलनको अवस्था, पेसागत सन्तुलनको अवस्था, जातजातिगत सन्तुलनको अवस्था, धर्मसंस्कृतिगत सन्तुलनको अवस्था, वर्गीय सन्तुलनको अवस्था, भौगालिक सन्तुलनको अवस्था, विज्ञान प्रविधिको अवस्था र लोकतान्त्रिक मूल्यमान्यताको अवस्था गरी ९ मूल शीर्षक र ३८ विधागत उपशीर्षक तथा सोहीअनुसारका तालिकाहरूको सहयोग लिई गुणात्मक ढाँचाभित्र वर्णनात्मक विधिको उपयोग गरी अध्ययन गरिएको छ ।

### पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन

**लैङ्गिक सन्तुलनको अवस्था** : यसमा लैङ्गिक सन्तुलनको अवस्थालाई विविध विधागत १६ वटा पाठअन्तर्गत केन्द्रित भएर तालिका १० देखि १५ सम्म अध्ययन गरिएको छ ।

**तालिका १०**

*कविता विधा*

| पाठक्रम | पाठ | नाम लिङ्ग | प्रयोग प्रसङ्ग | पृष्ठ |
|---|---|---|---|---|
| १ | मेघ बिजुली विवाह | दुलाहा (पुलिङ्ग) | - | १ |
| ८ | सारङ्गीमा देश | बुद्ध (पुलिङ्ग) | - | ८३ |
| १५ | आमाको तस्विर | बाबु, बचेरा (पुलिङ्ग) | बचेराहरू गुँड छोडेर जानका लागि जन्मन्छन् । | १६० |
| १ | मेघ बिजुली विवाह | दुलही (स्त्रीलिङ्ग) | - | २ |

| | | | | |
|---|---|---|---|---|
| ८ | सारङ्गीमा देश | भृकुटी, सीता, गीता (स्त्रीलिङ्ग) | - | ८३ |
| १५ | आमाको तस्विर | आमा, दिदी, मैया (स्त्रीलिङ्ग) | तिमीले मधुमालतीको कथा सुनाएको सम्झिएँ, | १५९ |
| | | सुनकेसरी, मधुमालती (स्त्रीलिङ्ग) | दिदीको फेसबुकमा जब तिम्रो फोटो देखेँ | १६१ |

(स्रोतः कक्षा ९ नेपाली पाठ्यपुस्तक २०७९)

तालिका १० अनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका तीनवटा कविता विधामा स्त्रीलिङ्गी शब्दको तुलनामा पुलिङ्गी शब्दको प्रयोग कम मात्रामा भएको पाइयो । '*आमाको तस्विर*' भन्ने पाठमा वाक्यगत प्रयोग सन्दर्भ देखियो । अन्य दुई *मेघ बिजुली विवाह* र *सारङ्गीमा देश* पाठमा यस्तो प्रयोग कतै देखिएन । यसर्थ लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयनमा कविता विधाका पाठहरू मध्यम देखिए । वाक्यगत प्रयोग प्रसङ्गका दृष्टिले तिनको उपयुक्त छनोट भने भएको पाइएन । यस तथ्यबाट कविता विधामा वाक्यगत प्रयोगका दृष्टिले तिनको उपयुक्त छनोट नभए पनि लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयन पाठमा मध्यम देखिन्छ ।

**तालिका ११**

*कथा विधा*

| पाठक्रम | पाठ | पुलिङ्गी नाम | वाक्यगत प्रसङ्ग | पृष्ठ |
|---|---|---|---|---|
| २ | स्वाद | छोरो, लोग्ने, वैष्णव, खसी, माछावाल, कान्छा, दाइ, बुबा, बच्चो, श्याम (पुलिङ्ग) | आधा घण्टापछि छोरासहित तिनीहरू निस्के । | ११ |
| | | | लोग्ने सन्तुष्ट भएर हिड्नु थाल्यो । | १२ |

| | | | | |
|---|---|---|---|---|
| ७ | कालजित र अजङ्गको राक्षसको कथा | राक्षस, लोग्ने, छोरो, कालजित, मामा, भान्जो, ससुरा (पुलिङ्ग) | यत्तिकैमा एउटी महिलालाई एउटा अजङ्गको राक्षस देखेछ । | ६९ |
| | | | लोग्ने परदेश गएको, सासुससुरा मरेकाले उनी घरमा एक्लै बसेकी रहिछिन् । | ६९ |
| | | | मामा त तपाईको भान्जो हुँ । | ७१ |
| ११ | समयपीडा | रामनाथ, छोरा, बुबा, केटा, बुढा, पति, डाक्टर, सानु (पुलिङ्ग) | बिहान उठेर केही समय हिड्ने रामनाथको दिन चर्चा नै थियो । | ११७ |
| | | | सब ठिक छ बुबा एकपल्ट आमालाई दिनोस् न । | ११९ |
| | | | अब चिन्ता लिनुपर्दैन भनेर डाक्टरले भनेका छन् | १२० |
| १६ | भविष्य निर्माण | कृष्णबहादुर, नरेश, पति, बुबा, केटा, छोरो (पुलिङ्ग) | कप्तान कृष्णबहादुर खुसी छन् । | १६९ |
| | | | तिनको पाँच वर्षको एउटा छोरो छ । | १६८ |
| | पाठ | स्त्रीलिङ्गी नाम | वाक्यगत प्रसङ्ग | |
| २ | स्वाद | स्वास्नी, शोभा (स्त्रीलिङ्ग) | स्वानी नुहाउनमा जोड दिइरहेकी थिई । | १० |
| | | | शोभासित मागेर ल्याऊँ ? | १४ |

| | | | |
|---|---|---|---|
| कालजित र अजङ्गको राक्षसको कथा | महिला, आमा (स्त्रीलिङ्ग) | उनले एक मुरी अन्त छुट्याएर राखेको देखेछन् तर महिलाले देखेनछन् । | ७१<br>७३ |
| समयपीडा | आनन्दी, श्रीमती, छोरी, केटी, महिला, नातिनी, पत्नी, आमा, सेविका ( स्त्रीलिङ्ग) | रामनाथ जति पिरोलिए पनि श्रीमतीका अगाडि आफ्नो पिर पोख्दैनथे । | ११८<br>११९ |
| | | एउटी छोरी स्वदेशमै नभएकी होइनन् । | १२० |
| | | नातिनीलाई अलि सन्चो भएको छ रे । | |
| भविष्य निर्माण | पार्वती गुहलक्ष्मी, स्त्री, केटी, आमा (स्त्रीलिङ्ग) | पार्वती हुन् त्यस घरकी गृहलक्ष्मी । | १६८ |
| | | सारै सुन्दर नभए पनि तिनमा स्त्री सुलभ सौन्दर्य अवश्य थियो । | १६८ |
| | | आमाले हरेर उसले सोध्यो, "आमा, म खराब छु कि राम्रो छु ?" | १७० |
| | | केटाकेटीहरू युद्धकै खेल खेल्छन् । | १६९ |

स्रोत : कक्षा नौको नेपाली पाठ्यपुस्तक, २०७९ ।

तालिका ११ अनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका चारवटा कथा विधामा स्त्रीलिङ्गी शब्दको तुलनामा पुलिङ्गी शब्दको प्रयोग बढी मात्रामा भएको देखियो । चारैवटा पाठमा वाक्यगत प्रसङ्ग प्रशस्त मात्रामा प्रयोग भएको देखियो । *स्वाद* र *समयपीडा* पाठमाा पुलिङ्गी शब्दको प्रयोग सबैभन्दा बढी पाइयो । यसर्थ लैङ्गिक सन्तुलन

जनाउने शब्दहरूको चयनमा कथा विधाका पाठहरू मध्यम देखिए । वाक्यगत प्रयोग प्रसङ्गका दृष्टिले तिनको उपयुक्त छनोट भएको पाइयो । समग्रमा कथा विधामा वाक्यगत प्रयोग उत्तम देखिएपनि लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयनमा यो पाठ मध्यम देखिन्छ ।

**तालिका १२**

*निबन्ध विधा*

| पाठक्रम | पाठ | पुलिङ्गी नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | पृष्ठ |
|---|---|---|---|---|
| १४ | नेपाली लोकबाजा | शिवजी, विष्णु, कृष्ण, रामप्रसाद, माधवप्रसाद घिमिरे, प्रतापमल्ल, सुशील गन्धर्व (पुलिङ्ग) | यस कुरालाई हनुमानढोकाको यस मुनिमा प्रताप मल्लले बाजा बजाइरहेको दृश्य अङ्कित हुनुले पनि पुष्टि गर्छ | १५०<br>१५१ |
| | | | नेपाली लोकबाजा संरक्षणका क्षेत्रमा लागेका संस्कृतिकर्मी रामप्रसाद कँडेलले 'लोकबाजा' पुस्तकमा नेपालमा ३७५ ओटा लोकबाजा रहेको सचित्र उल्लेख गरेका छन् । | १५१ |
| | | | मुरली वा बाँसुरी बजाएरै पौराणिक कालमा कृष्णले मच्चाएको प्रेमलीलाको किंवदन्तीले मुरलीमा रहेको शक्तिलाई घोतन गरेकै छ । | |

| | | | | |
|---|---|---|---|---|
| ९ | कञ्चनजङ्घालाई नियाल्दा | राजेन्द्र, राजा, हर्क गुरुङ, लाल, राम, जो ब्राउन, जर्ज ब्रान्ड(पुलिङ्ग) | मलाई डा.हर्क गुरुङको स्मरण भयो । | ९१ |
| | | | मध्यकालमा 'ताप्ले' नाम गरेका राजाले यस क्षेत्रमा शासन गर्ने रे । | ९६ |
| | | | सायद जो ब्राउन र जर्ज ब्रान्ड पहिलो पटक सन् १९५५ मा कञ्चनजङ्घाको सफल आरोहण गर्दा जति खुसी भएका थिए । | |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका १२ अनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका तीनवटा निबन्ध विधामा कुनै पनि लिङ्ग जनाउने शब्दको प्रयोग भएको देखिएन । *नेपाली लोकबाजा* र *कञ्चनजङ्घालाई नियाल्दा* पाठमा पुलिङ्गी शब्दको मात्र प्रयोग भएको पाइयो भने स्त्रीलिङ्गी शब्दको प्रयोग कतै भएको पाइएन । यसर्थ लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयनमा निबन्ध विधाका पाठहरू अनुपयुक्त देखिए । वाक्यगत प्रयोग प्रसङ्गका दृष्टिले तिनको मध्यम छनोट भने भएको पाइयो । यस तथ्यबाट वाक्यगत प्रयोग प्रसङ्गमा पाठ मध्यम देखिएपनि लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयनमा पाठ अनुपयुक्त रहेको पुष्टि हुन्छ ।

**तालिका १३**

*रूपक विधा*

| पाठक्रम | पाठ | पुलिङ्गी नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | पृष्ठ |
|---|---|---|---|---|
| ६ | पर्यावरण सन्तुलन (संवाद) | गुरु, सुवर्ण, निशान्त (पुलिङ्ग) | त्यसो भए पारिस्थितिक प्रणाली भनेको के हो नि गुरु ? । | ५८ |

| | | | | |
|---|---|---|---|---|
| | | | निशान्त : यो नवीकरणीय र अनवीकरणीय स्रोतका बारेमा पनि केही जान्न पाए राम्रो हुन्थ्यो कि गुरु । | ६२ |
| १० | व्यक्तित्व विकासमा विद्यालयको भूमिका (वक्तृता) | हावर्ड गार्डनर, पारस खड्का, सन्दीप, डार्विन, छिरिङ लामा, बुबा, विवेकानन्द (पुलिङ्ग) | पारस खड्का, सन्दीप लामिछाने आदिको रुचिले नेपाली क्रिकेटलाई उचाइ प्रदान गरेको कुरा हामीलाई थाहै छ । | १०५ |
| | | | उद्घोषकले अर्को प्रतियोगी छिरिङ लामालाई आफ्नो वक्तुताका लागि मञ्चमा आमन्त्रण गर्छन् । | १०६ |
| ६ | पर्यावरण सन्तुलन (संवाद) | दीक्षा, निहारिका, श्रेया (स्त्रीलिङ्ग) | दीक्षा : पर्यावरण र पारिस्थितिक प्रणाली उस्तै हुन् र गुरु ? । | ५८ |
| | | | निहारिका : पर्यावरण असन्तुलित हुनुमा त मानव र उसका क्रियाकलाप नै प्रमुख कारक रहन्छन् होइन र ? | ५९ |
| १० | व्यक्तित्व विकासमा विद्यालयको भूमिका (वक्तुता) | अमृता नेवाङ, आमा (स्त्रीलिङ्ग) | चार पाँचवर्षसम्म आमाबुबाको पालनपोषणबाट एक प्रकारको व्यक्तित्वको जग बनिसकेको हुन्छ । | १०६ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका १३ अनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका दुईवटा रूपक विधामा पुलिङ्गी शब्दको तुलनामा स्त्रीलिङ्गी शब्दको प्रयोग कम मात्रामा भएको देखियो । दुईवटा पाठमध्ये *पर्यावरण सन्तुलन* पाठमा पुलिङ्गी जनाउने शब्दको प्रयोग धेरै देखियो । तसर्थ लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयनमा रूपक विधाका पाठहरू मध्यम देखिए । वाक्यगत प्रयोग प्रसङ्गका दृष्टिले भने तिनको उपयुक्त छोट भएको पाइयो । समग्रमा रूपक विधामा वाक्यगत प्रयोग प्रसङ्ग उपयुक्त छनोट भए तापनि लैङ्गिक सन्तुलनका दृष्टिले पाठ मध्यम देखिन्छ ।

**तालिका १४**

*जीवनी विधा*

| पाठक्रम | पाठ | पुलिङ्गी नाम | वाक्यगत प्रसङ्ग | पृष्ठ |
|---|---|---|---|---|
| ५ | सत्यमोहन | सत्यमोहन जोशी, शङ्कराज, परशुराम भक्त, लक्ष्मीप्रसाद, माधव घिमिरे, जयप्रकाश, केआई सिंह, बुबा राजा, देवता (पुलिङ्गी) | शङ्करराज जोशी र राजकुमारी देवीका ज्येष्ठ सुपुत्र सत्यमोहन जोशी आफ्ना आमाबुबाप्रति अत्यन्त भक्ति र श्रद्धाभाव राख्थे । | ४६ |
| | | | त्यति बेलै लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरेको सङ्गमा पुगेका उनले कविद्वयबाटै कविता लेख्ने प्रेरणा पाएको देखिन्छ । | ४७ |
| | | | उनकै अध्ययनको आधारमा राजा जयप्रकाश मल्लाका पालमा सबैभन्दा सानो सिक्का प्रचलनमा रहेको थियो । | ४६ |

| | | | | |
|---|---|---|---|---|
| १२ | माइकल फेराडे | माइकल, जेम्स, बुबा, बालक, हम्फ्री डेबी, ओस्टेड, जोसेफ, हेनरी , अल्बर्ट आइन्सटाइन, राजा विलियम (पुलिङ्गी) | बुबाले आरनमा काम गरिरहँदा निकै घोरिएर हेरिराख्थे । | १३२ |
| | | | नामी र चर्चित वैज्ञानिक हम्फ्री डेवीको सानिध्य प्राप्त गरेपछि फराडेको वैज्ञानिक प्रतिभाले पल्लवित हुने मौका पायो । | १३२ |
| | | | उनको योगदानको कदर गर्दै तत्कालीन राजा विलियमबाट वर्षको ३०० पाउन्ड पेन्सनको व्यवस्था भयो । | १३४ |
| ५ | सत्यमोहन जोशी | राज कुमारी देवी, आमा (स्त्रीलिङ्गी) | भनिन्छ, बोली फुटोस् भन्नका लागि आमाबुबाले देवी देवताको भाकल गरे । | ४६ |
| १२ | माइकल फेराडे | मार्गरिट हस्वेल, पत्नी, आमा (स्त्रीलिङ्गी) | पत्नीको उपचार गर्न नपाएर आमा र गर्भे शिशुसमेत बचाउन नसकिने भो भनी माइकलका बुबा चिन्तामा डुबेका थिए । | १३१ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका १४ अनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका दुईवटा जीवनी विधामा पुलिङ्गी शब्दको तुलनामा स्त्रीलिङ्गी शब्दको प्रयोग कम मात्रामा भएको देखियो । *सत्यमोहन जोशी* र *माइकल फेराडे* दुबै पाठ जीवनी विधा भएकाले यसमा महत्त्वपूर्ण भूमिका भएका महिलालाई जनाउने शब्द नै स्त्रीलिङ्गी नाम शब्द रहेको पाइयो । यसर्थ लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयनमा जीवनी विधाका पाठहरू मध्यम देखिए ।

वाक्यगत प्रसङ्गका दृष्टिले भने तिनको छनोट उपयुक्त नै पाइयो । यस  तथ्यबाट जीवनी विधामा वाक्यगत प्रसङ्गको छनोट उपयुक्त भएपनि लैङ्गिक सन्तुलनमा पाठ मध्यम रहेको पुष्टि हुन्छ ।

**तालिका १५**

*चिठी विधा*

| पाठक्रम | पाठ | लिङ्ग नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | पृष्ठ |
|---|---|---|---|---|
| ४ | निवेदन | किशोर (पुलिङ्गी) | यसका लागि प्रथमतः विद्यालयका किशोरकिशोरीलाई सचेत गराउनु पर्ने हुन्छ । | ३६ |
| ३ | निवेदन | बालिका, किशोरी (स्त्रीलिङ्गी) | घरपरिवार, छरछिमेकी र विद्यालयमा आइपरेका बालबालिका सम्बन्धी समस्या समाधानार्थ बालकले सहजीकरण गर्न सक्छ । | ३६ |

(स्रोतः कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका १५ अनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा दुईवटा चिठी विधामा स्त्रीलिङ्गी र पुलिङ्गी शब्द बराबर मात्रामा प्रयोग भएको देखियो । *कार्यालयीय चिठी* पाठमा कुनै पनि लिङ्ग जनाउने शब्दको चयन भइएको पाइएन भने *निवेदन* पाठ लिङ्ग जनाउने शब्दको समावेश भएको पाइयो । यसर्थ लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयनमा चिठी विधाका पाठ उत्तम देखिए । वाक्यगत प्रयोग प्रसङ्गका दृष्टिले पनि पाठ उपयुक्त नै छनोट भएको पाइयो । यस तथ्यबाट चिठी विधामा वाक्यगठन, प्रयोग प्रसङ्ग र लैङ्गिक सन्तुलन जनाउने शब्दहरूको चयनमा पाठ उत्तम देखिन्छ ।

**उमेरगत सन्तुलनको अवस्था** : यस शीर्षकअन्तर्गत उमेरले प्रतिनिधित्व गरेका वृद्ध, युवा तथा वयस्क, किशोर, केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्गहरूको विश्लेषण गरिएको छ । यसलाई तालिका १६ देखि १९ सम्म क्रमशः प्रस्तुत गरिएको छ ।

**तालिका १६**

*कथा विधा*

| पाठ | शब्द | उमेर | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|---|
| स्वाद | बुबा, आमा | (वृद्ध) | त्यसकारण फर्माइस गर्नमा बुबाको विचारमा आफ्नो आमा भन्दा कम थिएन । | ३२ | १२ |
| कालजित र अजङ्गको राक्षस कथा | आमा, बुबा, सासु ससुरा | (वृद्ध) | मेरो बुबा, कहाँ हुनुहुन्छ ? | ८ | ७१ |
| | | | लोग्ने परदेश गएको, सासु ससुरा, मरिसकेकाले उनी घरमा एक्लै बसेकी रहिछन् । | ६ | ७० |
| समयपीडा | बुढा, बुढी, आमा, बुबा, सासु, ससुरा | (वृद्ध) | अन्त्यमा बुढाका लागि बुढी, बुढीका लागि बुढा, यही नै शाश्वत सत्य हो । | २९ | १२२ |
| भविष्य निर्माण | बुबा, आमा | (वृद्ध) | नरेश "दुष्टहरू को हुन् आमा ?" | १६ | १७० |
| स्वाद | शोभा, लोग्ने, स्वास्नी, श्याम दाइ, कान्छा दाइ, छोरो | (युवा/ वयस्क) | सुनेर स्वानी खुशी भई र सिँगार पटार गर्न हिँडी । | १३ | ११ |
| | | | शोभासित भागेर ल्याऊँ । | ६६ | १४ |
| कालजित र अजङ्गको राक्षसको कथा | महिला, मामा, भान्जा, कालजित, राक्षस | (युवा/ वयस्क) | वरपरका सबै महिला त्यहाँ जम्मा भएछन् । | २ | ६९ |
| | | | उनले छोराको नाम कालजित राखिछन् । | ८ | ७१ |
| | | | भान्जो साइनो सुन्ने वित्तिकै उसले ढोका खोलिदिएछ । | ९ | ७१ |

| | | | | | |
|---|---|---|---|---|---|
| समयपीडा | रामनाथ, आनन्दी, पति, पत्नी, सेविका, डाक्टर, छोरा, बुहारी | (युवा/ वयस्क) | रामनाथ फर्किनु पनि जायतै हो ।<br>अब चिन्ता लिनुपर्दैन भनेर डाक्टरले भनेका छन् । | ६<br>२० | ११८<br>१२० |
| भविष्य निर्माण | कृष्ण पार्वती, स्त्री, नरेश, पति, पत्नी, छोरो | (युवा/ वयस्क) | त्यसैले कप्तान कृष्णबहादुर सुखी छन् ।<br>पतिपत्नी बिचका कुरा भइरहेको थियो । | २<br>११ | १६८<br>१६९ |
| स्वाद | छोरो | किशोर | छोरो माछा देखेर रमायो । | ५१ | १३ |
| कालजित र अजङ्गको राक्षस | छोरो | किशोर | समय बिस्तारै बिन्दै गएछ, छोरो पनि ठूलो हुँदै गएछ । | ८ | ७१ |
| समय पीडा | छोरा, छोरी | किशोर | छोराछोरीको चिन्तामा पिल्सिएर कहिलेकाहीँ त उनी छटपटाउँछिन् । | ३ | ११८ |
| भविष्य निर्माण | छोरा, बालक | किशोर | पार्वतीले त्यस अबोध बालकको मनदेखि प्रतिहिंसाको भाव हटाउने नै चेष्टा गरिरहिन् । | २० | १७० |
| स्वाद | केटा, केटी, बच्यो | बाल | बच्यो पटक पटक बुबाको हातमा भुन्डिएको माछालाई | ६९ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ट्याप्प समाउँथ्यो, छाड्थ्यो र खुसी हुन्थ्यो । | | |
| कालजित र अजङ्गको राक्षसको कथा | बच्चा | बाल | आफ्नो पेटमा बच्चाको मायाले गर्दा उनी राक्षसको आहारा हुन जान पनि सकिनन् । | ६ | ७० |
| समयपीडा | नाति, नातिनी, सानु, बच्यो, केटा, केटी | बाल | सानुलाई अहिले कस्तो छ ?<br>नातिनीलाई अलि सन्चो भएको छ रे | १८<br>१४ | १२०<br>१२० |
| भविष्य निर्माण | केटाकेटी, बाबु | बाल | केटाकेटी युद्धकै खेल खेल्छन् ।<br>कृष्ण बहादुरले भने "लडाइँमा गोली लागेको बाबु" । | ४<br>५ | १६९<br>१६९ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका १६ अनुसार *स्वाद* कथामा समाजमा रहेका विभिन्न उमेरका पात्रको प्रतिनिधित्व गराइएको पाइयो । यसमा तीनजना बालपत्र, एकजना किशोर जनाउने पात्र, सातजना युवा पात्र र दुईजना वृद्ध पात्रको प्रतिनिधित्व रहेको देखियो । *कालजित र अजङ्गको राक्षसको कथा* कथामा एकजना बालपात्र, एकजना किशोर पात्र, पाँचजना युवा पात्र र चारजना वृद्ध पात्रको प्रतिनिधित्व गरिएको पाइयो । त्यस्तै *समय पीडा* कथामा ६ जना बालपात्र, दुईजना किशोरपात्र, आठजना युवा पात्र र ६ जना बालपात्र, दुईजना पात्रको प्रतिनिधित्व रहेको पाइयो । *भविष्य निर्माण* कथामा दुईजना बालपात्र, दुईजना किशोर पात्र, सात जना युवा पात्र र दुईजना वृद्ध पात्रको प्रतिनिधित्व रहेको देखियो । यस आधारमा

कथामा आएका पात्रगत उमेरको प्रतिनिधित्वलाई समाजसापेक्ष हेर्दा पाठ्यपुस्तकमा कथा विधाको चयन सामान्यतया उपयुक्त रहेको पुष्टि हुन्छ ।

**तालिका १७**

*जीवनी विधा*

| पाठ | शब्दहरू | उमेर | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|---|
| सत्यमोहन जोशी | आमा, बुबा | वृद्ध | शङ्करराज जोशी र राजकुमारी देवीका ज्येष्ठ सुपुत्र सत्यमोहन जोशी आफ्ना आमाबुबा प्रति अत्यन्त भक्ति र श्रद्धाभाव राख्थे । | १ | ४६ |
| माइकल फेराडे | आमा, बुबा | वृद्ध | पत्नीको उपचार गर्न नपाएर आमा र गर्भे शिशुसमेत बचाउन नसकिने भो भनी माइकलका बुबा चिन्तामा दुबेका थिए । | २ | १३१ |
| सत्यमोहन जोशी | के, आई, परशु रामभक्त, लक्ष्मी प्रसाद, माधवप्रसाद जय प्रकाश, | युवा | त्यतिबेला लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरेको सङ्गतमा पुगेका उनले कविद्वयबाट कविता लेख्ने प्रेरणा पाएको देखिन्छ । | ४ | ४७ |
| माइकल फेराडे | पत्नी, हम्फ्रोडेवी, जोसेफ, ओस्टेड, जेन्स फेराडे, मागरेट, अर्ल्बट, अस्टाइन | युवा | नामी र चर्चित वैज्ञानिक हम्फ्री डेवीको सान्निध्य प्राप्त गरे पछि माइकल फेराडेको वैज्ञानिक प्रतिभाले पल्लवित हुने मौका पायो । | ५ | १३२ |
| माइकल फेराडे | शिशु, नाबालक, बालक | बाल | यस्तै भयावह गरिबीका समयमा जेन्स फेराडेका घरमा एउटा | २ | १३१ |

| | | | | |
|---|---|---|---|---|
| फेराडे | बालक | शिशुको जन्म भएको थियो । १३ वर्षका भएपछि गरिबीकै कारण माइकलको औपचारिक पढाइ एक्कासी रोकियो र नाबालक ठमेरमा नै उनले काम गर्नुपऱ्यो । | ३ | १३२ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९) ।

तालिका १७ अनुसार *सत्यमोहन जोशी* जीवनीमा समाजमा रहेका विभिन्न उमेर पात्रको प्रतिनिधित्व  गराइएको पाइयो । यसमा ६ जना युवा पात्र र दुइृजना वृद्ध पात्रको प्रतिनिधित्व भएको देखियो । यस  पाठमा बाल पात्रको भने प्रतिनिधित्व भएको पाइँदैन । त्यस्तै *माइकल फेराडे* जीवनीमा तीनजना बालपात्र, आठजना युवा पात्र र दुईजना वृद्ध पात्रको प्रतिनिधित्व गरिएको पाइयो । यस आधारमा जीवनीमा आएका पात्रगत उमेरको प्रतिनिधित्वलाई समाजसापेक्ष दृष्टिले हेर्दा पाठ्यपुस्तकमा जीवनी विधाको चयन सामान्यत मध्यम रहेको पुष्टि हुन्छ ।

**तालिका १८**

*रूपक विधा*

| पाठ | शब्दहरू | उमेर | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|---|
| व्यक्तित्व विकासमा विद्यालयको भूमिका ( वक्तृता) | बुबा, आमा, अभिभावक, ज्येष्ठनागरिक | वृद्ध | ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्छ । | ७ | १०५ |
| | | | चार पाँच वर्षसम्म आमाबुबाको पालनपोषणबाट एक प्रकारको व्यक्तित्वको जग बनिसकेको हुन्छ । | १६ | १०६ |
| पर्यावरण सन्तुलन | दीक्षा, सुवर्ण, श्रेया, निशान्त, निहारिका, | युवा | त्यसो भए पारिस्थितिक प्रणाली भनेको के हो | ४ | ५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षक गुरु | | नि गुरु ?<br>निशान्तको जिज्ञासा मलाई पनि ठिक लाग्यो । | १२ | ५९ |
| व्यक्तित्व विकासमा विद्यालयको भूमिका (वक्तृता) | अमृता, डार्बिन, छिरिङ, विवेकानन्द, पारस, सन्दिप, शिक्षक, प्रधानाध्यापक, अध्यक्ष महानुभाव, श्रोतागण | युवा | पारस खड्का, सन्दीप लामिछाने आदिको रुचिले नेपाली क्रिकेटलाई उचाइ प्रदान गरेको कुरा हामीलाई थाहै छ ।<br>डार्बिनको प्रतिभालाई कक्षाकोठाको खुराकले नपुगेर उनले प्रकृतिलाई नै आफ्नो पाठशाला बनाएर । | ८<br>८ | १०५<br>१०५ |
| पर्यावरण सन्तुलन ( संवाद) | विद्यार्थी साथी, मित्र | युवा | हामी विद्यार्थी विद्यालयमा ज्ञान आर्जन गरी योग्य नागरिक बन्ने अभिलाषा लिएर आउँछौं । | ४ | १०४ |
| व्यक्तित्व विकासमा विद्यालयको भूमिका ( वक्तृता) | विद्यार्थी | किशोर | विद्यालयमा नौ कक्षाका विद्यार्थीको वक्तृत्वकला प्रतियोगिता सञ्चालन हुँदै छ । | १ | १०३ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका १८ अनुसार *पर्यावरण सन्तुलन* संवाद पाठमा समाजमा रहेका विभिन्न उमेरका पात्रहरूमध्ये किशोर र युवा पात्रको मात्र प्रतिनिधित्व गराइएको पाइयो भने बाल पात्रको प्रतिनिधित्व गराइएको पाइएन । त्यस्तै *व्यक्तित्व विकासमा विद्यालयको भूमिका*

(वक्तृत्व) पाठमा समाजमा रहेका विभिन्न उमेरका पात्रहरूको प्रतिनिधित्व गराइएको पाइयो । यसमा एकजना किशोर पात्र, एघार जना युवा पात्र र चारजना वृद्ध पात्रको प्रतिनिधित्व गरिएको पाइयो भने पाठमा बाल पात्रको प्रतिनिधित्व कतै पाइएन । यस आधारमा रूपक विधामा आएका पात्रगत उमेरको प्रतिनिधित्वलाई समाजसापेक्ष दृष्टिले हेर्दा पाठ्यपुस्तकमा रूपक विधाको चयन सामान्यत मध्यम रहेको पुष्टि हुन्छ ।

**तालिका १९**

*चिठी विधा*

| पाठ | शब्दहरू | उमेर | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|---|
| निवेदन | बालबालिका, किशोर, किशोरी | बाल | यसका लागि प्रथमत: विद्यायका किशोरकिशोरीलाई नै सचेत गराउनु पर्ने हुन्छ । | २ | ३६ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका १९ अनुसार *निवेदन* पाठमा समाजमा रहेका विभिन्न उमेरका पात्रमध्ये बाल पात्रको मात्र प्रतिनिधित्व गराइएको पाइयो । यसमा ३ जना बालपात्रको प्रतिनिधित्व गरिएको पाइयो । यस आधारमा *निवेदन* पाठमा आएका पात्रगत उमेरको प्रतिनिधित्वलाई समाजसापेक्ष दृष्टिले हेर्दा पाठ्यपुस्तकमा चिठी विधाको चयनमा सामान्यत अनुपयुक्त रहेको पुष्टि हुन्छ ।

**पेसागत सन्तुलनको अवस्था** : यहाँ पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त पेसा बुझाउने नाम शब्द र केही वाक्यगत प्रसङ्गका आधारमा तालिका २० देखि २४ सम्ममा पाठहरूमा पेसागत सन्तुलनको अवस्थागत अध्ययन गरिएको छ ।

**तालिका २०**

*कथा विधा*

| पाठ | शब्द | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| स्वाद | कारिन्दा, माछावाल | अड्डामा ऊ यौटा कारिन्दा थियो । | ५ | १० |
| कालजित र अजङ्गको राक्षस कथा | खेती, किसानी | एकादेशमा पहाडको काखमा खेती किसानी गर्ने र गाईवस्तु पालेर जीविका चलाउँदै आएका किसान चौपट्टै मिलेर बसेको एउटा सुन्दर गाउँ रहेछ । | १ | ६९ |
| समय पीडा | नोकरी, व्यापार, व्यवसाय, पत्रकारिता | त्यही व्यापार धान्ने पनि छोरीहरूलाई मनग्य पुग्छ । | ६ | ११८ |
| | | पत्रकारिता पेसा अँगालेकी हुँदा उनलाई एकछिन फुर्सद छैन । | ७ | ११९ |
| भविष्य निर्माण | कप्तान, व्यापार, लप्टन, कर्णेल | त्यसैले कप्तान कृष्णबहादुर खुसी छन् । | २ | १६८ |
| | | तिनी पल्टनबाट फर्केपछि आफ्नै सानोतिनो व्यापार गरेर अहिले जीवन बिताइरहेका छन् । | २ | १६८ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका २० अनुसार *स्वाद* कथाको अनुच्छेद पाँच र पृष्ठ १० मा पेसा बुझाउन आएका कारिन्दा र माछावाला आदि नाम शब्द वाक्यगत प्रसङ्गमा उपयोग भएको पाइयो । *कालजित र अजङ्जको राक्षस* कथाको अनुच्छेद एक र पृष्ठ उनन्सत्तरीमा गरिबीको प्रसङ्ग झल्कने र पेसा बुझाउने नाम शब्द खेती किसानी र तिनको वाक्यगत प्रसङ्ग उल्लेख भएको देखियो । त्यस्तै *समय पीडा* कथाको अनुच्छेद छ र पृष्ठ एकसय अठारमा

पेससससम्बद्ध शब्द नोकरी, व्यापार, व्यवसाय र पत्रकारिताले नेपाली समाजमा विद्यमान विभिन्न पेसाको प्रतिनिधित्व गरेको पाइयो । त्यस्तै *भविष्य निर्माण* कथाको अनुच्छेद दुई र पृष्ठ एकसय अठ्सट्ठीमा द्वन्द्वसँग सम्बन्धित भएर विभिन्न पेसा बुझाउने नाम शब्द कप्तान, व्यापार, लप्टन, कर्णेल र तिनको वाक्यगत प्रसङ्गसमेत आएको देखियो । यिनै कतिपय प्रतिनिधि तथ्यका आधारमा हेर्दा पेसागत सन्तुलनका दृष्टिले पाठ्यपुस्तकअन्तर्गत वितरित कथा विधाका पाठहरूमा पेसा बुझाउने नाम शब्दको पर्याप्त उपयोग हुनु र एक जना महिलासमेत पत्रकारिता पेसामा संलग्न भएको देखाइनुले एकतिर पाठ्यपुस्तक सन्तुलित छ भन्ने तथा अर्कातिर नेपाली समाजको परम्परागत धारणामा सुधार आएको छ भन्ने देखिन्छ । समग्रमा समाजसापेक्ष दृष्टिबाट प्रस्तुत पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

**विधागत सन्तुलनको अवस्था**

यसअन्तर्गत हरेक विधा र विधागत पाठहरूमा केन्द्रित रही समाजसापेक्ष अध्ययन गरिएको छ ।

**पेसागत सन्तुलन** : पाठ्यपुस्तकमा भएका १६ ओटा विधागत पाठमा प्रयुक्त पेसा बुझाउने नाम शब्द र केही वाक्यात्मक प्रसङ्गका आधारमा पेसाको अवस्थालाई तालिकामा २१ देखि २४ सम्म अध्ययन गरिएको छ ।

**तालिका २१**

*निबन्ध विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| करेसाबारी | खेती | करेसाबारीमा तरकारी खेती गर्दा खाली जमिनको सदुपयोग हुन्छ । | २ | २५ |
| नेपाली लोकबाजा | बाजा बजाउने | हाँडी गाउँको अंशुवर्माको अभिलेखनमा मङ्गल बाजा बजाउने कामका लागि रकम छुट्याइएको प्रसङ्गले पनि लोकबाजाको प्राचीनतालाई सङ्केत गर्दछ । | २ | १५० |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका २१ अनुसार करेसावारी निबन्धको अनुच्छेद २ र पृष्ठ २५ मा पेसा बुझाउन आएको खेती नाम शब्द, वाक्यगत प्रसङ्गमा उपयोग भएको पाइयो । त्यस्तै *नेपाली लोकबाजा* निबन्धको अनुच्छेद २ र पृष्ठ १५० पेसा बुझाउने नाम शब्द बाजा बजाउने र तिनको वाक्यगत प्रसङ्ग उल्लेख भएको देखियो । यिनै कतिपय प्रतिनिधि तथ्यका आधारमा हेर्दा पेसागत सन्तुलनका दृष्टिले पाठ्यपुस्तकअन्तर्गत निबन्ध विधाका पाठहरूमा पेसा बुझाउने शब्दको प्रयोग हुनुले पाठ्यपुस्तक सन्तुलित छ भने खेतीपाती र बाजा बजाएर आयआर्जन गर्नुले नेपाली समाजको वास्तविकता प्रस्तुत गरेको छ । समग्रमा समाजसापेक्ष दृष्टिबाट पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।

**तालिका २२**

*जीवनी विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| सत्यमोहन जोशी | सुपरिवेक्षक सचिव, अधिकृत, प्रशिक्षक, लेखक प्रज्ञा प्रतिष्ठानका सदस्य | वि.सं. २९९७ मा उनी सङ्ख्या विभागका सुपरिवेक्षक भएका थिए । सत्यमोहन जोशीले नेपालका प्राचीन मुद्राको खोज अनुसन्धान गरी 'राष्ट्रिय मुद्राहरू' नामक ग्रन्थ पनि लेखेका छन् । | ३<br>५ | ४७<br>४८ |
| माइकल | आरनमा काम गर्ने, शिक्षक, वैज्ञानिक अन्वेषक | उनीहरू त्यहाँ फलामको काम गर्थे । भ्रमणका बेला साथमा रहँदा डेबीको उनलाई दिनहुँ पढाउने गर्थे । | २<br>४ | १३१<br>१३२ |

(स्रोतः कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका २२ अनुसार सत्यमोहन जोशी जीवनीको अनुच्छेद ३ र पृष्ठ ४७ मा विभिन्न पेसा बुझाउन आएका नाम शब्दहरू सुपरिवेक्षक, सचिव, अधिकृत, प्रशिक्षक, लेखक, प्रज्ञा प्रतिष्ठानको सदस्य र तिनको वाक्यगत प्रसङ्गमा उपयोग भएको पाइयो ।

त्यस्तै *माइकल फेराडे* जीवनीको अनुच्छेद ५ र पृष्ठ ४८ मा पेसासँग सम्बद्ध शब्द आरनमा काम गर्ने शिक्षक, वैज्ञानिक, अन्वेषक र तिनको वाक्यगत प्रसङ्ग उल्लेख भएको देखियो । यिनै कतिपय प्रतिनिधि तथ्यका आधारमा हेर्दा पेसागत सन्तुलनका दृष्टिले पाठ्यपुस्तकअन्तर्गत जीवनी विधाका पाठहरूमा पेसा बुझाउने नाम शब्द पर्याप्त उपयोग हुनुले एकातिर पाठ्यपुस्तक सन्तुलित छ भने अर्कोतिर नेपाली समाजमा विद्यमान गरिबी र आरनका कार्यबाट उठेर वैज्ञानिक बनेको सङ्घर्षलाई प्रस्तुत गरिएको देखिन्छ । समग्रमा समाजसापेक्ष दृष्टिबाट प्रस्तुत पाठ्यपुस्तक पेसागत दृष्टिले उत्तम रहेको उपयुक्त हुन्छ ।

**तालिका २३**

*रूपक विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| पर्यावरण सन्तुलन (संवाद) | शिक्षक | नौ कक्षाका विद्यार्थी शिक्षकसँग उद्यानको मनोरम वातावरणमा बसेर पर्यावरणीय सन्तुलनबारे कुराकानी गर्दै छन् । | १ | ५८ |
| व्यक्तित्व विकासमा विद्यालयको भूमिका | शिक्षक कर्मचारी, समयपालक, प्रधानाध्यापक, कार्यक्रम सञ्चालक | विद्यालयका एकजना कर्मचारीलाई समयपालकको जिम्मेवारी दिइएको छ । | १ | १०३ |
| | | सभाकक्षाको मञ्चमा कार्यक्रममा अध्यक्ष तथा विद्यालयका प्रधानाध्यापकज्यू हुनुहुन्छ । | १ | १०३ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका २३ अनुसार *पर्यावरण सन्तुलन* संवादको अनुच्छेद १ र पृष्ठ ५८ मा नेपाली समाजको विद्यमान पेसा बुझाउन आएको शिक्षक नाम शब्द वाक्यगत प्रसङ्गमा उपयोग भएको पाइयो । त्यस्तै *व्यक्तित्व विकासमा विद्यालयको भूमिका* (वक्तृता) को अनुच्छेद १ र

पृष्ठ १०३ मा पेसागत सम्बद्ध शब्द शिक्षक, कर्मचारी, समयपालक, प्रधानाध्यापक, कार्यक्रम सञ्चालक र तिनको वाक्यगत प्रसङ्ग समेत आएको देखियो । यिनै कतिपय प्रतिनिधि तथ्यका आधारमा हेर्दा पेसागत सन्तुलनका दृष्टिले पाठ्यपुस्तकअन्तर्गत रूपक विधाका पाठहरूमा पेसा बुझाउने शब्द प्रयोग हुनाले पाठ सन्तुलित देखिन्छ । समग्रमा समाजसापेक्ष दृष्टिबाट प्रस्तुत पाठ्यपुस्तक मध्यम रहेको पुष्टि हुन्छ ।

**तालिका २४**

*चिठी विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| निवेदन | शिक्षक, कर्मचारी | उक्त कोषमा विद्यालयमा शिक्षक, कर्मचारीले एक दिनको तलब जम्मा गरी विद्यार्थीको कामलाई थप आर्थिक सहयोग तथा हौसला प्रदान गर्नुभएको छ । | ३ | ३७ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९) ।

तालिका २४ अनुसार *निवेदन* पाठको अनुच्छेद ३ र पृष्ठ ३७ पेसा बुझाउन आएका शिक्षक र कर्मचारी आदि नाम शब्द र तिनको वाक्यगत प्रसङ्ग उल्लेख भएको देखियो । पेसागत सन्तुलनका दृष्टिले पाठ्यपुस्तकमा जनाइएको शिक्षक पेसा देखाइनुले पाठ्यपुस्तक सन्तुलित बनेको छ । समग्रमा समाजसापेक्ष दृष्टिबाट प्रस्तुत पाठ्यपुस्तक सामान्य रहेको पुष्टि हुन्छ ।

**जातजातिगत सन्तुलन** : पाठ्यपुस्तकमा भएका १६ ओटा विधागत पाठमा प्रयुक्त जातजाति बुझाउने नाम शब्द र केही वाक्यात्मक प्रसङ्गका आधारमा जातजातिको अवस्थालाई तालिकामा २५ देखि २७ सम्म अध्ययन गरिएको छ ।

**तालिका २५**

*निबन्ध विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| नेपाली लोकबाजा | घिमिरे, वर्मा, मल्ल, तामाङ, राई, किराँत, थारु, शेर्पा, ब्राह्मण, क्षेत्री, कँडेल, गन्धर्व, घिमिरे | यस कुरालाई हनुमान ढोकाको एक मूर्तिमा प्रताप मल्लले बाजा बजाइरहेको दृश्य अङ्कित हुनुले पनि पुष्टि गर्छ । त्यस्तै थारु जातिका खँजडा झिलमिले र तमौरा बाजाले पनि नेपाली संस्कृतिलाई अझ समृद्ध तुल्याएका छन् । | ५ ४ | ४८ ४७ |
| कञ्चनजङ्घा लाई नियाल्दा | गुरुङ लिम्बु | मलाई डा.हर्क गुरुङको संस्मरण भयो । | ९ | १३४ |

(स्रोतः कक्षा ९ को पाठ्यपुस्तक २०७९)

तालिका २५ मा उल्लेख भएअनुसार *नेपाली लोकबाजा* निबन्धको अनुच्छेद २ र पृष्ठ १५०मा ब्राह्मण, क्षेत्री, जनजाति र जनजातिको प्रतिनिधित्व गराउने घिमिरे, वर्मा, मल्ल, तामाङ, राई, किराँत, थारु, सेर्पा, ब्राह्मण, क्षेत्री, कँडेल, गन्धर्व आदि विभिन्न जातजाति बुझाउने शब्दलाई उपयोग गरेको पाइयो । करेसावारी निबन्धमा जातजाति बुझाउने त्यस्ता कुनै नाम शब्द र तिनको वाक्यगत प्रसङ्ग आएको देखिएन । *कञ्चनजङ्घालाई नियाल्दा* नियात्रामा  गुरुङ, लिम्बु आदि नाम शब्द र तिनको वाक्यगत प्रसङ्ग आएको पाइयो । समग्रमा जातजाति बुझाउने नाम शब्दको यस किसिमको प्रयोगको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा प्रस्तुत पाठ्यपुस्तक सामान्य रहेको देखिन्छ ।

**तालिका २६**

*जीवनी विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| सत्यमोहन जोशी | जोशी, सिंह, माथेमा, देवकोटा, घिमिरे, शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, मैथिली लेप्जा, थारु, दनुवार, नेवार, चेपाङ, राजवंशी मल्ल | त्यतिबेलै लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरेको सङ्गतमा पुगेका उनले कविद्वयबाटै कविता लेख्ने प्रेरणा पाएको देखिन्छ । | ४ | ४७ |
| | | उनकै अध्ययनका आधारमा राजा जयप्रकाश मल्लाका पालमा सबैभन्दा सानो सिक्का प्रचलनमा रहेको थियो । | ५ | ४८ |
| माइकल फेराडे | फेराडे, हस्बेल, डेवी, आइन्सटाइन | माइकल फेराडेले जीवनको उत्तरार्धमा थुप्रै पैसा आउने जागिर पाए तर उनी कहिल्यै पनि पेसालाई महत्त्व दिँदैनथे । | ९ | १३४ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९) ।

तालिका २६ मा उल्लेख भएअनुसार *सत्यमोहन जोशी* जीवनीको अनुच्छेद ५ र पृष्ठ ४८ मा ब्राह्मण, क्षेत्री, जातजाति र जनजातिको प्रतिनिधित्व गराउने सिंह, जोशी, माथेमा, देवकोटा, मगर, गुरुङ, लिम्बु, मैथली, लेप्चा, थारु, दनुवार, नेवार, चेपाङ, राजवंशी, मल्ल आदि विभिन्न जातजाति बुझाउने नाम शब्दलाई उपयोग गरेको पाइयो । *माइकल फेराडे* जीवनीमा फेराडे, हस्वेल, डेवी, आइन्सटाइन आदि नाम शब्द र तिनको वाक्यगत प्रसङ्ग आएको पाइयो । समग्रमा जातजाति बुझाउने नाम शब्दको यस किसिमको प्रयोगको अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा प्रस्तुत पाठ्यपुस्तक मध्यम रहेको देखिन्छ ।

**तालिका २७**

*रूपक विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| व्यक्तित्व विकासमा विद्यालयको भूमिका (वक्तृता) | नेम्वाङ, खड्का, लाम्छिाने, लामा | पारस खड्का, सन्दीप लामिछाने आदिको रुचिले नेपाली क्रिकेटलाई उच्चाइ प्रदान गरेको कुरा हामीलाई थाहै छ । | ५ | १०५ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका २७ मा उल्लेख भएअनुसार *व्यक्तित्व विकासमा विद्यालयको भूमिका* वक्तृताको अनुच्छेद ८ र पृष्ठ १०५ मा क्षेत्रीय र जनजातिको प्रतिनिधित्व गराउने नेम्वाङ, खड्का, लामिछाने, लामा आदि विभिन्न जातजाति बुझाउने नाम शब्द र तिनको वाक्यगत प्रसङ्ग आएको पाइयो । *पर्यावरण सन्तुलन* संवादमा जातजाति बुझाउने त्यस्ता कुनै नाम शब्द र तिनको वाक्यगत प्रसङ्ग आएको देखिएन । समग्रमा जातजाति बुझाउने नाम शब्दको यस किसिमको प्रयोग अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा प्रस्तुत पाठ्यपुस्तक सामान्य रहेको देखिन्छ ।

**धर्मसंस्कृतिगत सन्तुलन** : पाठ्यपुस्तकमा भएका १६ ओटा विधागत पाठमा प्रयुक्त धर्मसंस्कृति बुझाउने नाम शब्द र केही वाक्यात्मक प्रसङ्गका आधारमा धर्मसंस्कृतिको तालिकालाई २८ देखि ३० सम्म अध्ययन गरिएको छ ।

**तालिका २८**

*कथा विधा*

| पाठ | शब्द | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| स्वाद | वैष्णव | छरछिमेकमा चाहिँ प्रचार गरिदिएका थिए छोरो त पूर्व जन्मको वैष्णव रहेछ क्याए, मासु खानै मन गर्दैन अनि ल्याउनु कसको लागि ? | ३९ | १३ |

| | | | | |
|---|---|---|---|---|
| कालजीत र अजङ्गको राक्षसको कथा | भगवान | भगवान्सँग माफी माग्नका लागि एक पटक भगवान्लाई भेट्न जान मन लागेको छ । | १० | ७२ |
| समय पीडा | पुजापाठ, कुल देवता, दीप प्रज्वलित, भद्रकाली, महाङ्काल | एक पल्ट उसको नाउँमा कुल देवतालाई बत्ती बालिदिनोस् न । | १३ | ११९ |
| | | शङ्कटा, महाङ्काल, भद्रकालीमा गई पूजा गरिन् । | १३ | ११९ |
| भविष्य निर्माण | बुद्ध वाणी | सुत्ने कोठामा उनीहरूले बुद्धवाणी, गान्धीवाणी जस्ता धेरै शान्तिका सन्देश नेपालीमा लेखेर टाँगेका थिए । | ४ | १६९ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका २८ मा उल्लेख भएअनुसार *स्वाद* कथाको अनुच्छेद ३९ र पृष्ठ १३ मा आएको वैष्णव शब्द र तिनको वाक्यगत प्रसङ्गले धर्मसंस्कृतिको प्रतिनिधित्व गरेको पाइयो । *कालजित र अजङ्गको राक्षसको कथा* कथाको अनुच्छेद १० र पृष्ठ ७२ भगवानसँग माफी माग्न जाने प्रसङ्गमा आएको भगवान शब्द र तिनका वाक्यगत प्रसङ्गले धर्म संस्कृतिको प्रतिनिधित्व गरेको देखियो । त्यस्तै *समय पीडा* कथाको अनुच्छेद क्रमशः ३ र १३ तथा पृष्ठ ११९ मा नातिलाई निको बनाउने प्रसङ्गमा प्रयोगमा आएका पुजापाठ, कुलदेवता, दीप प्रज्वलित, शङ्कटा, भद्रकाली, महाङ्काल शब्दले विशेष गरी हिन्दु धर्मसंस्कृतिको प्रतिनिधित्व गरेको पाइयो । *भविष्य निर्माण* कथाको अनुच्छेद ४ र पृष्ठ १६९ मा छोरालाई कोठामा बुद्धवाणी सुनाउने प्रसङ्गमा प्रयोगमा आएको बुद्धवाणी शब्दले धर्म संस्कृतिको प्रतिनिधित्व गरेको देखियो । समग्रमा धर्मसंस्कृतिका दृष्टिले पाठ्यपुस्तकको कथा विधाका पाठ मध्यम देखिए । धर्म संस्कृतिको यस अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधाका पाठहरू र तिनमा विभिन्न धर्मसंस्कृति झल्किने शब्दको चयनले पाठ्यपुस्तक उपयुक्त रहेको प्रमाणित हुन्छ ।

**तालिका २९**

*जीवनी विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु. | पृष्ठ |
|---|---|---|---|---|
| सत्यमोहन जोशी | भक्ति/श्रद्धाभाव | शङ्‌कराज जोशी र राजकुमारी देवीका जेष्ठ सुपुत्र सत्यमोहन जोशी आफ्नो आमा बुबाप्रति अत्यन्त भक्ति र श्रद्धाभाव राख्थे । | १ | ४६ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका २९ मा उल्लेख भएअनुसार *सत्यमोहन जोशी* जीवनी पाठमा *सत्यमोहन जोशी*ले आफ्ना आमाबुवाप्रति श्रद्धाभाव र भक्ति गरेको कुरालाई अनुच्छेद १ र पृष्ठ ४६ मा आएका भक्तिभाव, श्रद्धाभाव शब्द र तिनबाट निर्माण गरिएका वाक्यीय प्रसङ्‌गले धर्मसंस्कृतिको प्रतिनिधित्व गरेको देखियो । त्यस्तै अन्य पाठमा कुनै पनि धर्म संस्कृतिको प्रतिनिधित्व गर्ने शब्द र तिनका वाक्यगत प्रसङ्ग प्रयोग गरिएको पाइएन । समग्रमा धर्म संसकृतिका दृष्टिले पाठ्यपुस्तकको जीवनी विधाका पाठ कमजोर देखियो । धर्मसंस्कृतिको यस अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधाका पाठहरू र तिनमा धर्मसंस्कृति झल्कने कम शब्द चयनले पाठ्यपुस्तक कमजोर रहेको पुष्टि हुन्छ ।

**तालिका ३०**

*निबन्ध विधा*

| पाठ | शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| नेपाली लोकबाजा | विवाह, मृत्युसंस्का शिवजी, विष्णु, कृष्ण, पूजा, वसन्तदेव, शङ्ख, घण्ट, देवदेवी, चाडपर्व, धार्मिक कार्य | जुन कुरा वसन्तदेवको संवत् ४३४ को टिस्टुङको अभिलेखनमा कुँदिएको शङ्खको सन्दर्भले पुष्टि गर्छ ।<br>नेपालमा विभिन्न जातिका अनेक चाडपर्व, विवाह, धार्मिक | १<br>८<br>१२ | १५०<br>१५२<br>९३ |

| | | |
|---|---|---|
| | | कार्य आदिमा गाउँलेहरू जतातते नेपाली लोकबाजा बज्नुपर्छ । |
| कञ्चनजङ्घालाई निल्याल्दा | पवित्र ग्रन्थ, मन्त्रमुग्ध, मनकामना | मन्त्रमुग्ध बनाइरहेको थियो जीवन्त रूपमा गुन्जिएको पन्छीका मधुर धुनले । |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ३० मा उल्लेख भएअनुसार *नेपाली लोकबाजा* निबन्ध पाठमा नेपालमा विभिन्न जातजातिले अनेक चाडपर्व धार्मिक कार्य गर्दा मनाउँदा बाजा बजाउने कुरालाई अनुच्छेद क्रमशः २ र ८ तथा पृष्ठ १५० र १५२ मा आएका विवाह, मृत्युसंस्कार, शिवजी, विष्णु, कृष्ण, पुजा, वसन्तदेव, शङ्ख घण्ट, देवदेवता, चाडपर्व, धार्मिक काअर्य शब्द र तिनबाट निर्माण गरिएका वाक्यीय प्रसङ्गले धर्मसंस्कृतिको चित्रण  गरेको देखियो । त्यस्तै *कञ्चनजङ्घालाई नियाल्दा* नियात्रा पाठमा कञ्चनजङ्घाले मन्त्रमुग्ध बनाएको कुरालाई अनुच्छेद १२ र पृष्ठ ९३ मा आएका पवित्र ग्रन्थ, मन्त्रमुग्ध, मनकामना शब्द र तिनबाट निर्मित गरिएका वाक्यीय प्रसङ्गले धर्म संस्कृतिको प्रतिनिधित्व गरेको देखियो । करेसावारी निबन्ध पाठमा भने कुनैपनि धर्मसंस्कृतिको प्रतिनिधित्व गर्ने शब्द र तिनबाट निर्मित वाक्यीय प्रसङ्ग प्रयोग गरेको देखिएन । समग्रमा धर्मसंस्कृतिका दृष्टिले पाठ्यपुस्तकको निबन्ध विधाका पाठ सामान्य देखिए । धर्मसंस्कृतिको यस अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधाका पाठहरू र तिनमा धर्मसंस्कृति झल्कने शब्दको चयनले पाठ्यपुस्तक सामान्य रहेको कुरा सिद्ध हुन्छ ।

**वर्गीय सन्तुलन** : पाठ्यपुस्तकमा भएका १६ ओटा विधाका पाठहरूमा प्रयुक्त वर्गीय प्रतिनिधित्व गर्ने नाम शब्द र तिनका केही वाक्यीय प्रसङ्गको विश्लेषण तालिका ३१ देखि ३४ सम्म प्रस्तुत गरिएको छ ।

**तालिका ३१**

*कथा विधा*

| पाठ | **शब्द** | वर्ग | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|---|
| स्वाद | कारिन्दा, महँगो, साधारण, पैँचो, नोक्सान, माछावाल | निम्न, उच्चवर्ग | अड्डामा ऊ यौटा साधारण कारिन्दा थियो । | ५ | १० |
| | | | आफूलाई नोक्सान परिसक्यो । | ५४ | १४ |
| | | | माछावालाले लामो गन्थन गऱ्यो । | ५४ | १४ |
| कालजित र अजङ्गको राक्षसको कथा | जीविका, किसानी | निम्न, मध्यम वर्ग | एकादेशमा पहाडको काखमा खेतीकिसानी गर्ने र गाईवस्तु पालेर आफ्नो जीविका चलाउँदै आएका किसान चौपट्टै मिलेर बसेको एउटा सुन्दर गाउँ रहेछ । | १ | ६९ |
| समयपीडा | मनग्य, सुख, सयल, नोकरी | उच्च, मध्यम वर्ग | त्यही व्यापार धाने पनि छोराहरूलाई मनग्य पुग्छ । | ५ | ११८ |
| | | | उनीहरू नोकरी, घर गृहस्थी धानी विदेशमा कति सङ्घर्ष गर्दै होलान् ! | २ | ११७ |
| भविष्य निर्माण | लप्टन, कप्तान, कर्णेल | उच्च वर्ग | दोस्रो महायुद्धमा तिनी लप्टन भएका थिए । पछि कप्तान भएर । | २ | १६८ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ३१ अनुसार *स्वाद* कथामा निम्न तथा उच्च वर्गीय परिवारको जीवनशैली प्रस्तुत गरिएको देखियो । क्रमशः अनुच्छेद ५,१४ र ५४ र पृष्ठ १० र १४ मा आएका कारिन्दा, महँगो, साधारण, पैँचो, नोक्सान र माछावाल शब्द र वाक्यीय प्रसङ्गले सामान्य अड्डामा काम गर्ने कारिन्दा, महँगी, सामान्य जनजीवन, गाउँघरको प्रथा र माछा बेचेर जीवन चलाउने निम्न वर्गको प्रतिनिधित्व गरेको पाइयो । त्यस्तै *कालजित र अजङ्गको राक्षसको कथा*को अनु. १ र पृ.६९  मा आएका जीविका र किसानी शब्द र तिनको वाक्यीय प्रसङ्गबाट निम्न-मध्यम वर्गको जीवनशैली अभिव्यक्त भएको देखियो । तेस्रो *समय पीडा* कथाका अनु. २ र ५ तथा पृ. ११७ र ११८ मा उपयोग गरिएका मनग्य, सुख, सयल र नोकरी शब्द तथा तिनको वाक्यीय सन्दर्भबाट उच्च-मध्यम वर्गको प्रतिनिधित्व गरेको पाइयो । त्यसैगरी *भविष्य निर्माण* कथाका अनु. २ र पृ. १६८ मा आएका लप्टन, कप्तान र कर्णेल शब्द र वाक्यीय प्रसङ्गबाट उच्च वर्गका व्यक्तिको जीवनशैली र रवाफ व्यक्त भएको देखियो । समग्रमा वर्गीय सन्तुलनका दृष्टिले कथा विधामा उपयोग गरिएका प्रतिनिधि शब्दको अवस्थालाई हेर्दा पाठ्यपुस्तक सामान्य र काम चलाउ प्रकृतिको पाइयो । यस आधारमा समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधा र तिनमा उपयोग गरिएका शब्द र वाक्य सन्तुलनको अवस्थाबाट पाठ्यपुस्तक सामान्य मात्र रहेको कुरा सिद्ध हुन्छ ।

**तालिका ३२**

*जीवनी विधा*

| पाठ | वर्ग बुझाउने नाम शब्दहरू | वर्ग | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|---|
| सत्यमोहन जोशी | सुपरिवेक्षक, जागिरे, सचिव, प्रशिक्षक | उच्च, मध्यम वर्ग | वि.सं. २००१ मा ‘औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डाबाट उनको जागिरे जीवनको सुरुवात भएको थियो । | ३ | ४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| माइकल फेराडे | तलव, जागिरे, आरन, गरिबी, विपन्नता | निम्न, मध्यम वर्ग | पछि फेराडेलाई डेवीले सहयोगीका रूपमा राम्रो तलब दिएर काम दिए । | ४ | १३२ |
| | | | भोक, रोग र गरिबीले थिलथिलिएको परिवारमा निकै कष्ट सहनुपऱ्यो । | २ | १३१ |

तालिका ३२ अनुसार *सत्यमोहन जोशी* जीवनीमा मध्यम तथा उच्च वर्गीय परिवारको जीवनशैली प्रस्तुत गरिएको देखियो । अनुच्छेद ३ र पृष्ठ ४७ मा आएका सुपरिवेक्षक, सचिव जस्ता शब्द तथा तिनको वाक्यीय सन्दर्भबाट उच्च वर्गको र जागिरे, प्रशिक्षक जस्ता सामान्य जनजीवन बुझाउने शब्दले मध्यम वर्गको प्रतिनिधित्व गरेको पाइयो । त्यस्तै *माइकल फेराडे* जीवनीको अनुच्छेद २ र ४ तथा पृष्ठ १३२ र १३२ मा उपयोग गरिएका गरिबी, तलब, जागिरे, आरन, विपन्नता शब्द र तिनको वाक्यीय सन्दर्भबाट निम्न मध्यम वर्गको प्रतिनिधित्व गरेको पाइयो । समग्रमा वर्गीय सन्तुलनका दृष्टिले जीवनी विधामा उपयोग गरिएका शब्दको अवस्थालाई हेर्दा पाठ्यपुस्तक मध्यम पाइयो । यस आधारमा समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधा र तिनमा उपयोग गरिएका शब्द र वाक्य सन्तुलनको अवस्थाबाट पाठ्यपुस्तक मध्यम रहेको कुरा सिद्ध हुन्छ ।

**तालिका ३३**

*निबन्ध विधा*

| पाठ | वर्ग बुझाउने नाम शब्दहरू | वर्ग | वाक्यगत प्रसङ्ग | अनु. | पृष्ठ |
|---|---|---|---|---|---|
| करेसाबारी | आम्दानी | मध्यम वर्ग | यसो गर्दा ताजा तरकारी उब्जाएर खान पाइने, तरकारी किन्ने खर्चको बचत हुने र बढी भएको तरकारी बिक्री गरेर आम्दानी लिन पनि सकिन्छ । | ९ | २८ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ३३ अनुसार *करेसावारी निबन्ध*को अनुच्छेद ९ र पृष्ठ २८ मा आएको आम्दानी शब्द र तिनको वाक्यीय प्रसङ्गबाट मध्यम वर्गको जीवनशैली अभिव्यक्त भएको छ । समग्रमा वर्गीय सन्तुलनका दृष्टिले निबन्ध विधामा उपयोग गरिएका प्रतिनिधि शब्दको अवस्थालाई हेर्दा पाठ्यपुस्तक सामान्य प्रकृतिको पाइयो । यस आधारमा समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधा र तिनमा उपयोग गरिएका शब्द र वाक्य सन्तुलनको अवस्थाबाट पाठ्यपुस्तक सामान्य मात्र रहेको कुरा पुष्टि हुन्छ ।

**तालिका ३४**

*रूपक विधा*

| पाठ | शब्दहरू | वर्ग | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|---|
| व्यक्तित्व विकासमा विद्यालयको भूमिका (वक्तृता) | शिक्षक कर्मचारी | मध्यम वर्ग | मञ्चको देब्रे छेउमा तीन जना शिक्षक निर्णायकको भूमिकामा आआफ्नो आसनमा बसिसक्नुभएको छ । | १ | १०३ |
| पर्यावरण सन्तुलन (संवाद) | शिक्षक | मध्यम वर्ग | नौ कक्षामा विद्यार्थी शिक्षकसँग उद्यानको मनोरम वातावरणमा बसेर पर्यावरणीय सन्तुलनबारे कुराकानी गर्दै छन् । | १ | ५८ |

स्रोतः कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९ ।

तालिका ३४ अनुसार *पर्यावरण सन्तुलन* संवादमा मध्यम वर्गीय परिवारको जीवनशैली प्रस्तुत गरिएको देखियो । अनुच्छेद १ र पृष्ठ ५८ मा प्रयोग भएको शिक्षक शब्द र तिनका वाक्यीय प्रसङ्गले मध्यम वर्गको प्रतिनिधित्व गरेको पाइयो । त्यस्तै *व्यक्तित्व विकासमा विद्यालयको भूमिका* वक्तृतामा आएका शिक्षक र कर्मचारी शब्द र तिनको वाक्यीय प्रसङ्गबाट मध्यम वर्गको जनजीवनमा प्रचलित जीवनशैली अभिव्यक्त भएको पाइयो । समग्रमा वगीृय सन्तुलनका दृष्टिले रूपक विधामा उपयोग गरिएका प्रतिनिधि

शब्दको अवस्थालाई हेर्दा पाठ्यपुस्तक सामान्य प्रकृतिको पाइयो । यस आधारमा समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा रूपक विधा र तिनको उपयोग गरिएका शब्द र वाक्य सन्तुलनको अवस्थाबाट  पाठ्यपुस्तक सामान्य मात्र रहेको कुरा सिद्ध हुन्छ ।

**भौगोलिक सन्तुलन** : पाठ्यपुस्तकमा भएका विभिन्न विधासम्बद्ध १६ ओटा पाठमा प्रयुक्त भौगोलिक परिवेश बुझाउने शब्द र तिनका प्रतिनिधि वाक्यीय प्रसङ्गअनुसारको विश्लेषण तालिका ३५ देखि ३९ सम्म प्रस्तुत गरिएको छ ।

**तालिका ३५**

*कथा विधा*

| पाठ | शब्दहरू | परिवेश | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|---|
| कालजित र अजङ्गको राक्षसको कथा | गाउँ, चौतारा, खर्क, पहाड, घाँसदाउरा | पहाडी | त्यसपछि गाउँले नजिकैको चौतारमा भेला भएछन् । | २० | १२० |
| समय पीडा | अष्ट्रेलिया अमेरिका | अन्तर्राष्ट्रिय | उनले त आफूलाई उतै अमेरिकामा बस्ने मेसो गरिसकेछन् । | २० | १२० |
| भविष्य निर्माण | दार्जिलिङ, तुङसुङ बस्ती | पहाडी | दार्जिलिङको तुङसुङ बस्तीमा एउटा सानो थिटिक्क परेको घर छ । | १ | १६८ |
| भविष्य निर्माण | कोरिया, रुस, तिब्बत, अमेरिका | अन्तर्राष्ट्रिय | कोरियाको युद्ध, तिब्बतमा भएको आक्रमण, नेपालको जनक्रान्ति, रुस र अमेरिकाको मतभेद, विश्वमा कतै शान्ति छैन । | ४ | १६९ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ३५ अनुसार *कालजित अजङ्गको राक्षसको कथा* पाठका अनु.१ र पृ. १६८ मा आएका गाउँ, चौतारा, खर्क, पहाड र घाँसदाउरा शब्द र प्रतिनिधि वाक्यले पहाडको काखमा रहेका गाउँको अवस्थालाई उजागर गरेको हुनाले यस कथामा पहाडी परिवेशको चित्रण भएको पाइयो । समयपीडा कथा पाठको अनुच्छेद २० र पृष्ठ १२० मा आएका अष्ट्रेलिया र अमेरिका शब्द र तिनका प्रतिनिधि वाक्यले राष्ट्रभन्दा बाहिरको देशलाई बुझाएका हुनाले यस कथामा अन्तर्राष्ट्रिय परिवेशको चित्रण गरिएको पाइयो । त्यस्तो *भविष्य निर्माण* पाठको अनुच्छेद १ र पृष्ठ १६८ मा आएका दार्जिलिङ तुङसुङ बस्ती र तिनमा प्रतिनिधि वाक्यले नेपालको पूर्वी पहाडी परिवेश चित्रण गरिएको पाइयो भने अनुच्छेद ४ र पृष्ठ १६९ मा आएका कोरिया, रुस, तिव्वत, अमेरिका शब्द र तिनका प्रतिनिधि वाक्यले विभिन्न राष्ट्रको अवस्था देखाएकाले यस कथामा अन्तर्राष्ट्रिय परिवेशको चित्रण भएको पाइयो । चार कथामध्ये *स्वाद* कथामा कुनै पनि भौगोलिक परिवेशलाई चित्रण गर्ने शब्द र तिनका प्रतिनिधि वाक्य प्रयोग नगरिएको हुनाले कथा विधामा भौगोलिक सन्तुलन कमजोर रहेको देखियो । यस आधारमा पाठ्यपुस्तकको मूल्याङ्कन गर्दा समाजसापेक्ष दृष्टिले कमजोर रहेको पुष्टि हुन्छ ।

**तालिका ३६**

*कविता विधा*

| पाठ | हिमाली परिवेश बुझाउने नाम शब्दहरू | परिवेश |
|---|---|---|
| सारङ्गीमा देश | सगरमाथा | हिमाली |
| सारङ्गीमा देश | हिमाल, पहाड, तराई, मधेस | विविध |
| आमाको तस्विर | जातो, डोका, दैलो, गोठ, भकारो, पँधेरा | विविध |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ३६ अनुसार *सारङ्गीमा देश* कवितामा सगरमाथा शब्द प्रयोग भएको पाइयो । नेपालको मान, प्रतिष्ठा बढाउने सगरमाथा शब्दले हिमाली परिवेशलाई चित्रण गरेको पाइयो भने कवितामा प्रयोगमा आएका हिमाल, पहाड, तराई, मधेस शब्दले विविध

परिवेशको प्रतिनिधित्व गरेको पाइयो । त्यस्तै *आमाको तस्विर* कवितामा जाँतो, डोका, दैलो, गोठ, भकारो, पँधेरा आदि शब्दको गरिएको पाइयो । सामान्य जनजीवनको प्रतिनिधित्व गर्ने यी शब्दहरू प्रयोग भएका हुनाले कवितामा विविध परिवेशलाई चित्रण गरेको पाइयो । तीन कवितामध्ये एउटा कवितामा यस्ता भौगोलिक परिवेश बुझाउने शब्द प्रयोग भएको पाइएन । कविता विधा भएकाले कुनै पनिभौगोलिक परिवेशको प्रतिनिधि वाक्य प्रयोग भएको पाइएन । कवितामा आएका नाम शब्दहरूले कविता विधामा भौगोलिक सन्तुलन सामान्य रहेको देखियो । यस आधारमा पाठ्यपुस्तकको मूल्याङ्कन गर्दा समाजसापेक्ष दृष्टिले सामान्य रहेको कुरा सिद्ध हुन्छ ।

**तालिका ३७**

*जीवनी विधा*

| पाठ | उपत्यकाको परिवेश बुझाउने नाम शब्दहरू | परिवेश | वाक्यगत प्रसङ्ग | अनु. | पृष्ठ |
|---|---|---|---|---|---|
| सत्यमोहन जोशी | बखुम्बहाल, मङ्गलबजार, काठमाडौँ, जमल, भक्तपुर | उपत्यका | उनको अक्षराम्भ सुरुमा छिमेकी गुरुबाट भएपछि उनलाई मङ्गल बजारस्थित भाषा पाठशाला भर्ना गरियो । | २ | ४६ |
| सत्यमोहन जोशी | लमजुङ, तनहुँ | पहाडी | जागिरेको सिलसिलमा तनहुँ र लमजुङ जिल्लामा रहँदा त्यहाँका ग्रामीण लोकभाकाको सुस्केरा सुनेर उनलाई लोकसाहित्यमा लाग्ने प्रेरणा मिल्यो । | ४ | ४७ |
| सत्यमोहन जोशी | चिन, लन्डन, भारत, बङ्गलादेश, बासिङ्टन डिसी | अन्तर्राष्ट्रिय | उनले भारत र चीनका मुख्य मुख्य सहरमा समेत कैयौ पटक भ्रमण गरेका थिए । | ६ | ४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| माइकल फेराडे | बेलायत, लन्डन, न्युविङ्टन, योर्कसायर, अमेरिकी नेदल्यान्ड्स | अन्तर्राष्ट्रिय | माइकल फेराडेको परिवार गरिब भएकाले माइकल नजन्मँदै बेलायतको योर्क सारबाट कामको खोजीमा न्युविङ्टन आएका थिए । | २ | १३१ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ३७ अनुसार *सत्यमोहन जोशी* जीवनी पाठका अनुच्छेद क्रमशः २ र ५ तथा पृष्ठ ४६ र ४८ मा आएका बखुम्बहाल, मंगलबजार, काठमाडौँ, जमल आदि शब्द र प्रतिनिधि वाक्यले उपत्यकाका रहेका ठाउँको अवस्थालाई उजागर गरेका हुनाले यस जीवनीमा उपत्यकाको परिवेशको चित्रण भएको पाइयो । अनुच्छेद ४ र पृष्ठ ४७ मा प्रयोग भएका लमजुङ र तनहुँ जिल्ला शब्दले नेपालको पहाडी परिवेशलाई झल्काइएको पाइयो । त्यस्तै पाठका अनुच्छेद ६ र पृष्ठ ४८ मा प्रयोग भएका चिन, लन्डन, भार, बङ्गलादेश, वासिङ्टन डिसी शब्द र तिनका प्रतिनिधि वाक्यले विभिन्न देशका परिवेशलाई जनाएकाले यस जीवनीमा अन्तर्राष्ट्रिय परिवेश रहेको पाइयो । *माइकल फेराडे* जीवनी पाठका अनुच्छेद २ र पृष्ठ १३१ मा आएका बेलायत, लन्डन, न्युविङ्टन, योर्कसायर, अमेरिकी, नेदरल्यान्डस शब्द र तिनका प्रतिनिधि वाक्यले अन्तर्राष्ट्रिय परिवेशको चित्रण गरेको पाइयो । *सत्यमोहन जोशी* पाठमा भएका विभिन्न परिवेशको प्रतिनिधि शब्द र वाक्यले जीवनी विधा भौगोलिक सन्तुलनमा मध्यम रहेपनि *माइकल फेराडे* पाठमा अन्तर्राष्ट्रिय परिवेश मात्र समावेश भएकाले जीवनी विधामा भौगोलिक सन्तुलनको अवस्था सामान्य रहेको देखियो । यस आधारमा पाठ्यपुस्तकको मूल्याङ्कन गर्दा समाजसापेक्ष दृष्टिले कमजोर रहेको पुष्टि हुन्छ ।

**तालिका ३८**

*निबन्ध विधा*

| पाठ | हिमाली परिवेश बुझाउने नाम शब्दहरू | परिवेश | वाक्यगत प्रसङ्ग | अनु. | पृष्ठ |
|---|---|---|---|---|---|
| कञ्चनजङ्घालाई नियाल्दा (नियात्रा) | कञ्चनजङ्घा, लाङटाङ, जुगल, दोर्जेलाक्चा, गौरी शङ्कर, चोयू, मकालु, सगरमाा, ताप्लेजुङ, घुन्सा, सेकाथुम, रामपरक खर्क, | हिमाली | त्यसैले मलाई कञ्चनजङ्घा पदयात्रा गर्ने रहर जागेको थियो । | १ | ९० |
| कञ्चनजङ्घालाई नियाल्दा (नियात्रा) | बिर्तामोड, झापा | तराई | भोलिपल्ट विहान गाडी चढेर कञ्चनजङ्घा आधार शिविरलाई गन्तव्य बनाई झापाको विर्तामोडबाट चार अलितर्फ लाग्यौं । | ४ | ९१ |
| कञ्चनजङ्घालाई नियाल्दा | काठमाडौं | उपत्यका | मेरो शरीरमा काठमाडौंबाट हिँड्दाका झैं पूर्ण रूपले स्फूर्ति आइसकेको थियो । | ६ | ९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| कञ्चनजङ्घालाई नियाल्दा | पूर्व पश्चिम, सुदूरपूर्व, मेची कन्दमूला, काफल ताली गुरास | विविध | हामी पूर्वपश्चिम राजमार्गलाई चार आली नेई छाडेर मेची राजमार्गतर्फ उकालियौँ । | ३ | ९१ |
| कञ्चनजङ्घालाई नियाल्दा | तिब्बत, भारत | अन्तर्राष्ट्रिय | यो नेपाल र भारतको सिमाना छुट्याउने प्राकृतिक पर्खाल र नेपाल मामाको रहरे दार पनि हो । | २३ | ९६ |
| नेपाली लोकबाजा | लेले, हाँडीगाउँ, ललितपुर | उपत्यका | त्यस्तै गरी ललितपुर लेलेको अभिलेखमा परेको बादित्र गोष्ठी प्रसङ्गले पनि लिच्छवीकालमा वाद्यवादनलाई महत्त्व दिइन्थ्यो । | २ | १५० |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ३८ अनुसार *कञ्चनजङ्घालाई नियाल्दा* नियात्रा पाठको अनुच्छेद १ पृष्ठ ९० मा आएका कञ्चनजङ्घा, लाङ्टाङ, दोर्जे लाक्पा, गौरीशङ्कर, चोयू, मकालु, सगरमाथा, ताप्लेजुङ, घुन्सा, खर्क शब्द र प्रतिनिधि वाक्यले हिमालको अवस्थालाई उजागर गरेको हुनाले यस नियात्रामा हिमाली परिवेशको चित्रण भएको पाइयो । पाठको अनुच्छेद ४ र पृष्ठ ९१ मा आएका विर्तामोड, झापा शब्द र तिनका प्रतिनिधि वाक्यले तराई परिवेश, अनुच्छेद ६ र पृष्ठ ९२ मा आएको काठमाडौँ र तिनका प्रतिनिधि वाक्यले उपत्यकाको परिवेश, अनुच्छेद २३ र पृष्ठ ९६ मा कञ्चनजङ्घा दुई देशबिचको पहरेदार हो भन्ने प्रसङ्गमा

आएका तिव्वत र भारत शब्द र तिनका प्रतिनिधि वाक्यले अन्तर्राष्ट्रिय परिवेश र अनुच्छेद ३ र पृष्ठ ९१ मा आएका पूर्वपश्चिम, सुदूरपश्चिम, मेची, काफल, कन्दमुल, लालीगुँरास र तिनका प्रतिनिधि वाक्यले भिन्न भिन्न अवस्थालाई जनाएको हुनाले यस नियात्रामा विविश परिवेशको चित्रण गरिएको पाइयो । त्यस्तै *नेपाली लोकबाजा* निबन्ध पाठको अनुच्छेद २ र पृष्ठ १५० मा *नेपाली लोकबाजा*को इतिहास खोज्ने क्रममा आएका लेले, हाँडीगाउँ, ललितपुर शब्द र प्रतिनिधि वाक्यले उपत्यका परिवेशको चित्रण गरेको पाइयो । तीनवटा निबन्धमध्ये कन्चनजङ्घालाई नियाल्दा नियात्रा भौगोलिक सन्तुलनका दृष्टिले उत्तम भएपनि *करेसाबारी* पाठमा कुनै पनि परिवेश जनाउने शब्द र तिनका प्रतिनिधि वाक्य नआएकाले निबन्ध विधामा भौगोलिक सन्तुलन सामान्य रहेको देखियो । यस आधारमा पाठ्यपुस्तकको मूल्याङ्कन गर्दा समाजसापेक्ष दृष्टिले सामान्य मात्रै रहेको कुरा सिद्ध हुन्छ ।

**तालिका ३९**

*चिठी विधा*

| पाठ | हिमाली परिवेशको बुझाउने नाम शब्दहरू | परिवेश | वाक्यगत प्रसङ्ग | अनु. | पृष्ठ |
|---|---|---|---|---|---|
| निवेदन | साँधुतार, रामेछाप | हिमाली | उपर्युक्त सम्बन्धमा रामेछाप नगरपालिका, साँधुटारमा अवस्थित श्री हिमगंगा माध्यमिक विद्यालयमा बलाबालिकाको संरक्षण र सुरक्षाका साथसाथै विद्यार्थीका शैक्षिक र अतिरिक्त क्रियाकलापमा थप मद्दत गर्ने उद्देश्यले बालक्लब गठन गरिएको छ । | १ | ३६ |

| | | |
|---|---|---|
| कार्यालयीय चिठी | रूपन्देही | तराई |
| कार्यालयीय चिठी | सानोठिमी, भक्तपुर | उपत्यका |
| कार्यालयीय चिठी | लुम्बिनी | विविध |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक; २०७९)

तालिका ३९ अनुसार *निवेदन* पाठको अनुच्छेद १ र पृष्ठ ३६ मा आएका साँघुटार, रामेछाप शब्द र तिनका प्रतिनिधि वाक्यले हिमाली परिवेशको चित्रण गरेको पाइयो । त्यस्तै *कार्यालयीय चिठी* पाठमा नेपाली विज्ञ उपलब्ध गराइदिने क्रममा ठाउँका रूपमा आएको रूपन्देही शब्दले तराईको परिवेश, पाठ्यक्रम विकास केन्द्रलाई चिठी लेख्ने क्रममा आएका सानोठिमी, भक्तपुर शब्दले उपत्यका परिवेश र लुम्बिनी प्रदेशलाई सङ्केत गर्ने क्रममा आएको लुम्बिनी शब्दले विविध परिवेशलाई चित्रण गरेको पाइयो । *कार्यालयीय चिठी* पाठमा भौगोलिक परिवेश बुझाउने कुनै पनि वाक्यगत प्रसङ्ग प्रयोग भएको पाइएन । चिठीमा आएता यस्ता शब्दले चिठी विधामा भौगोलिक सन्तुलन सामान्य रहेको देखियो । यस आधारमा पाठ्यपुस्तकको मूल्याङ्कन गर्दा समाजसापेक्ष दृष्टिले सामान्य रहेको पुष्टि हुन्छ ।

**विज्ञान तथा प्रविधिको सन्तुलन** : कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा ६ विधाका पाठमा प्रयुक्त विज्ञान प्रविधि बुझाउने शब्द र तिनको वाक्यीय प्रसङ्गअनुसारका वाक्यका आधारमा तालिका ४० देखि ४५ सम्म विश्लेषण प्रस्तुत गरिएको छ ।

**तालिका ४०**

*कविता विधा*

| पाठ | शब्द वाक्यीय प्रसङ्ग | वाक्यीय प्रसङ्ग | श्लोक | पृष्ठ |
|---|---|---|---|---|
| आमाको तस्विर | फेसबुक | दिदीको फेसबुकमा देखें । | ८ | १६१ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ४० अनुसार *आमाको तस्विर* कविता पाठको ८ श्लोक र पृ. १६१ मा फेसबुक शब्दको प्रयोग गरिएको पाइयो । तीनवटा कवितामध्ये *आमाको तस्विर* पाठबाहेकका अरू कवितामा कुनै पनि विज्ञान र प्रविधि बुझाउने शब्द र वाक्यगत प्रसङ्ग आएको देखिएन । समग्रमा कविता विधाका पाठमा विज्ञान र प्रविधिका शब्द प्रयोगका दृष्टिले पाठ्यपुस्तक कमजोर पाइयो । विज्ञान र प्रविधिलाई यस किसिमले प्रयोग गर्ने अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कविता विधाका पाठहरूमा भएको कम शब्द वितरणबाट पाठ्यपुस्तक कमजोर छ भन्ने देखिन्छ ।

**तालिका ४१**

*कथा विधा*

| पाठ | विज्ञान र प्रविधिको बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृ. |
|---|---|---|---|---|
| समय पीडा | मोबाइल, कम्प्युटर | कलिहेकाहीँ त कम्प्युटरको अगाडि बस्दाबस्दा कुखुरा बास्छ । | ८ | ११९ |

(स्रोतः कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ४१ अनुसार *समय पीडा* कथा पाठको अनुच्छेद ८ र पृष्ठ ११९ मा मोबाइल र कम्प्युटर र तिनका वाक्यीय प्रसङ्ग प्रयोग गरिएको पाइयो । विदेशिएका छोराछोरीसँग मोबाइलमा कुरा गर्न र छोराले कम्प्युटरमै काम गर्ने प्रसङ्गमा विज्ञान प्रविधिका शब्दहरू प्रयोग गरेको पाइयो भने बाँकी तीनवटा कथामा कुनै पनि विज्ञान र प्रविधि जनाउने शब्द र तिनका वाक्य समावेश गरिएको देखिएन । समग्रमा कथा विधाका पाठमा विज्ञान प्रविधिका शब्द प्रयोगका दृष्टिले पाठ्यपुस्तक निकै कमजोर पाइयो । विज्ञान र प्रविधिलाई यस किसिमले प्रयोग गर्ने अवस्थालाई समास सापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा कथा विधाका पाठहरूमा भएको कम शब्द वितरणबाट पाठ्यपुस्तक कमजोर छ भन्ने कुरा सिद्ध हुन्छ ।

**तालिका ४२**

*जीवनी विधा*

| पाठ | विज्ञान प्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु. | पृष्ठ |
|---|---|---|---|---|
| माइकल फेराडे | वैज्ञानिक, विज्ञान, आधुनिक, डायनामो, इलेक्ट्रोनिक | त्यसैले त उनी गरिबीको गतबाट उठेर विज्ञानका आविष्कारमार्फत प्रसिद्धिको शिखर चुम्न पुगे । | १० | १३४ |

(स्रोतः कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ४२ अनुसार *माइकल फेराडे* जीवनी पाठको अनुच्छेद १० र पृष्ठ १३४ मा फेराडेले गरेका विभिन्न आविष्कार उनका वैज्ञानिक खोजको प्रसङ्गमा विज्ञान, वैज्ञानिक, आधुनिक, डाइनामाो, इलेक्ट्रोनिक आदि शब्द र तिनजका वाक्यीय प्रसङ्ग आएको पाइयो । *सत्यमोहन जोशी* जीवनीमा भने कुनै पनि विज्ञान र प्रविधि बुझाउने शब्द र तिनका वाक्यगत प्रसङ्ग आएको देखिएन । समग्रमा जीवनी विधाका पाठमा विज्ञान र प्रविधिका शब्द प्रयोगका दृष्टिले पाठ्यपुस्तक सामान्य पाइयो । विज्ञान र प्रविधिलाई यस किसिमले प्रयोग गर्ने अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधा पाठहरूमा प्रयोग भएका शब्द वितरणबाट पाठ्यपुस्तक सामान्य देखिन्छ ।

**तालिका ४३**

*निबन्ध विधा*

| पाठ | विज्ञान प्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| करेसाबारी | प्रविधि, रसायन, नाइट्रोजन, फस्फोरस | करेसाबारीमा खेती गर्ने खेती प्रविधिसँग समेत परिचित हुनु जरुरी हुनका साथे करेसाबारीमा रोपिने तरकारीको विविधताका बारेमा पनि त्यतिकै जानकारी हुनु आवश्यक छ । | ४ | २६ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ४३ अनुसार *करेसाबारी* निबन्ध पाठको अनुच्छेद ४ र पृष्ठ २६ मा खेती गर्नेले खेती प्रविधिसँग परिचित हुने प्रसङ्गमा प्रयोग भएका प्रविधि, रसायन, नाइट्रोजन, फस्फोरस आदि शब्द र तिनका वाक्यीय प्रसङ्ग प्रयोग गरिएको पाइयो । बाँकी कुनै पनि निबन्धमा विज्ञान र प्रविधिसँग सम्बन्धित कुनै पनि शब्द र वाक्यीय प्रसङ्ग प्रयोग भएको पाइएन । समग्रमा निबन्ध विधाका पाठमा विज्ञान र प्रविधिका शब्द प्रयोगका दृष्टिले पाठ्यपुस्तक कमजोर पाइयो । विज्ञान र प्रविधिलाई यस किसिमले प्रयोग गर्ने अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधाका पाठहरूमा भएको कम शब्द वितरणबाट पाठ्यपुस्तक निकै कमजोर छ भन्ने पुष्टि हुन्छ ।

**तालिका ४४**

*रूपक विधा*

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| पर्यावरण सन्तुलन (संवाद) | इन्टरनेट, भिडियो, रेफ्रिजिरेटर | यस बारेमा मैले इन्टरनेटमा हेरेको भिडियोबाट जानकारी पाएको कुरा भन्छु नि गुरु । | २१ | ६० |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ४४ अनुसार *पर्यावरण सन्तुलन* संवाद पाठको अनुच्छेद २१ र पृष्ठ ६० मा विद्यार्थीहरूले *पर्यावरण सन्तुलन*का बारेमा विभिन्न भिडियोहरू हेरेको प्रसङ्गमा इन्टरनेट, भिडियो, रेफ्रिजेरेटर आदि शब्द प्रयोग भएको देखियो । अन्य पाठमा विज्ञान र प्रविधिका कुनै पनि शब्द प्रयोग भएको पाइएन । समग्रमा रूपक विधाका पाठमा विज्ञान र प्रविधिका शब्द प्रयोगका दृष्टिले पाठ्यपुस्तक सामान्य पाइयो । विज्ञान र प्रविधिलाई यस किसिमले प्रयोग गर्ने अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा रूपक विधाका पाठहरूमा भएको शब्द वितरणबाट पाठ्यपुस्तक सामान्य भएको कुरा प्रस्ट हुन्छ ।

**तालिका ४५**

*चिठी विधा*

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| निवेदन | साइबर | त्यसका साथै विद्यालयमा साइबर सदुपयोग र साइबर अपराधबारे सचेतना जागरण समेत आवश्यक देखिएको छ । | २ | ३६ |

(स्रोत कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ४५ अनुसार *निवेदन* पाठको अनुच्छेद दुई र पृष्ठ २६ मा विद्यालयमा सचेतना जगाउने क्रममा प्रयोग भएको साइबर शब्द र वाक्यीय प्रसङ्ग आएको देखियो । *कार्यालयीय चिठी* पाठमा कुनै पनि विज्ञान प्रविधि बुझाउने शब्द र तीनका वाक्यीय प्रसङ्ग आएको देखिँदैन । समग्रमा रूपक विधाका पाठमा विज्ञान र प्रविधिका शब्द प्रयोगका दृष्टिले पाठ्यपुस्तक कमजोर पाइयो । विज्ञान र प्रविधिलामई यस किसिमले प्रयोग गर्ने अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा रूपक विधाका पाठहरूमा भएको कम शब्द वितरणबाट पाठ्यपुस्तक कमजोर छ भन्ने देखिन्छ ।

**लोकतान्त्रिक मूल्यमान्यताको सन्तुलन** : पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त लोकतान्त्रिक मूल्यमान्यता बुझाउने नाम शब्द र केही प्रसङ्गअनुसारका वाक्यका आधारमा तालिका ४६ देखि ४७ सम्म विश्लेषण प्रस्तुत गरिएको छ :

**तालिका ४६**

*जीवनी विधा*

| पाठ | शब्द | वाक्यगत प्रसङ्ग | अनु | पृष्ठ |
|---|---|---|---|---|
| सत्यमोहन जोशी | प्रधानमन्त्री, नेपाल सरकार, मन्त्री | नेपाल सरकारबाट तर्फबाट वि.सं. २०७४ वैशाख २१ मा उनलाई 'वाङ्मय शताब्दी पुरुष' को उपाधि प्रदान गरिएको थियो । | ७ | ४८ |
| माइकल फेराडे | राजा | उनको योगदानको कदर गर्दै तत्कालीन राजा विलियमबाट वर्षको ३०० पाउन्ड पेन्सनको व्यवस्था भयो । | ९ | १३४ |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ४६ मा देखाइएअनुसार *सत्यमोहन जोशी* नामको राष्ट्रिय जीवनी पाठमा विभिन्न व्यक्ति प्रधानमन्त्री, मन्त्री आदि हुँदा जोशीले विभिन्न पदमा रहेर कार्य गरेका र नेपाल सरकारको तर्फबाट २०७४ सालमा 'शताब्दी पुरुष' को उपाधि पाएको कुरालाई अनु. ७ र पृ. ४८ मा आएका प्रधानमन्त्री, नेपाल सरकार र मन्त्री शब्द र तिनबाट निर्माण गरिएका वाक्यीय प्रसङ्कले लोकतान्त्रिक मूल्यमान्यताको प्रतिनिधित्व गरेको देखियो । त्यस्तै *माइकल फेराडे* नामक अन्तर्राष्ट्रिय जीवनी पाठका अनु.९ र पृ. १३४ मा आएको राजा शब्दबाट राजा विलियमले फेराडेलाई उपलब्ध गराएको पेन्सनको वाक्यीय प्रसङ्गमा लोकतान्त्रिक मूल्यमान्यता प्रकट भएको पाइयो । समग्रमा लोकतान्त्रिक मूल्यमान्यताका दृष्टिले पाठ्यपुस्तकको जीवनी विधाका पाठ मध्यम देखिए । लोकतान्त्रिक मूल्यामान्यताको यस अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा जीवनी विधाका पाठहरू र तिनमा लोकतान्त्रिक मूल्यमान्यता झल्कने शब्दको चयनले पाठ्यपुस्तक उपयुक्त रहेको प्रमाणित हुन्छ ।

**तालिका ४७**

*निबन्ध विधा*

| पाठ | लोकतान्त्रिक मूल्यमान्यता बुझाउने नाम शब्दहरू | वाक्यगत प्रसङ्ग | अनु. | पृष्ठ |
|---|---|---|---|---|
| नेपाली लोकबाजा | राजा, लिच्छवीकाल, मल्ल काल | त्यसबेला राजाहरूले पनि स्वयम् बाद्यवादनमा भाग लिई बाजा बजाउँथे । | १ | १५० |

(स्रोत : कक्षा ९ को नेपाली पाठ्यपुस्तक, २०७९)

तालिका ४७ देखाएअनुसार *नेपाली लोकबाजा* निबन्ध पाठमा *नेपाली लोकबाजा*को इतिहास पौराणिककालदेखि नै राजाहरूबाट आएको र मल्लहरूले बाजा बजाइरहेको दृश्य अङ्कित गरिएको र लिच्छवि कालमा वाद्यवादनमा महत्त्व दिने कुरालाई अनुच्छेद १ र पृष्ठ १५० मा आएका राजा, लिच्छवी, मल्लकाल शब्द र तिनबाट निर्माण गरिएका वाक्यीय प्रसङ्गले लोकतान्त्रिक मूल्य मान्यताको प्रतिनिधित्व गरेको देखियो भने अन्य निबन्धमा लोकतान्त्रिक मूल्यमान्यता बुझाउने शब्द र तिनका वाक्यीय प्रसङ्ग देखिएन । समग्रमा लोकतान्त्रिक मूल्यमान्यताको दृष्टिले पाठ्यपुस्तकको निबन्ध विधाका पाठ कमजोर देखिए । लोकतान्त्रिक मूल्यमान्यताको यस अवस्थालाई समाजसापेक्ष दृष्टिबाट मूल्याङ्कन गर्दा निबन्ध विधाका पाठहरू र तिनमा लोकतान्त्रिक मूल्यमान्यता झल्कने कम शब्दको चयनले पाठ्यपुस्तक कमजोर रहेको कुरा पुष्टि हुन्छ । *सत्यमोहन जोशी* जीवनीमा नेपाल सरकारले जोशीले गरेको योगदानको कदर गर्दै पुरस्कृत गरेको *माइकल फेराडे* पाठमा राजा विलियमले उनलाई दिएको पेन्सनको प्रसङ्गले पाठले लोकतान्त्रिक मूल्यमान्यताको मात्र बोकेको छ । *नेपाली लोकबाजा* पाठमा राजाहरूकै पालमा *नेपाली लोकबाजा*को सुरुवात हुने क्रममा लोकतान्त्रिक मूल्यमान्ताको कुरा आएको छ ।

यी बाहेक अन्य पाठमा प्रजातान्त्रिक मूल्य र मान्यतालाई प्रत्यक्ष विषयका रूपमा प्रस्तुत गरिएको छैन । नेपालको संविधानअनुसार माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रमअनुरूप कक्षा नौको निर्धारित नेपाली पाठ्यपुस्तक केही कमीकमजोरीका बिचमा लिङ्ग, जातजाति, धर्मसंस्कृति, भूगोल आदि सबै विषयको समावेशिता वा सन्तुलनमा ध्यान दिई प्रजातान्त्रिक मूल्य र मान्यतालाई प्रस्तुत गर्ने कुरामा सबल देखिएको छ ।

## अध्याय पाँच : उपसंहार

यस अध्यायमा प्राप्ति, निष्कर्ष, शैक्षणिक उपादेयता र भावी अध्ययनका सम्भाव्य शीर्षकहरू समेटिएका छन् ।

### प्राप्ति

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक लैङ्गिक सन्तुलनका दृष्टिबाट हेर्दा त्यसमा समाविष्ट कथा, कविता, निबन्ध, *निवेदन,* जीवनी, वक्तृता र चिठी विधामा लिङ्ग बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्ग र पात्रका क्रियाकलापले समाजसापेक्ष सन्तुलनलाई झल्काएका छन् ।

समाजसापेक्ष अध्ययनका दृष्टिले सो पाठ्यपुस्तकलाई उमेरगत सन्तुलनका आधारमा हेर्दा *मेघबिजुली विवाह, सारङ्गीमा देश* (कविता), *कञ्चनजङ्घालाई नियाल्दा* (नियात्रा) *कार्यालयीय चिठी* (चिठी) विधाका पाठबाहेक अन्यमा उमेरगत प्रतिनिधित्व भएको देखिँदैन । यसमा युवा र वयस्कलाई बुझाउने शब्द तथा वाक्यगत प्रसङ्ग अत्यधिक मात्रामा आएका छन् । वृद्धको प्रसङ्ग थोरै आएको छ । *समय पीडा* कथामा र *पर्यावरणीय सन्तुलन* संवादमा किशोरका सक्रिय क्रियाकलाप प्रस्तुत भएका छन् । *समय पीडा* कथामा वृद्ध अवस्थालाई बुझाउने प्रसङ्गहरू प्रशस्त देखिएका छन् ।

समाजसापेक्षताका दुष्टिले कक्षा ९ को नेपाली पाठ्यपुस्तकमो *मेघ बिजुली विवाह, सारङ्गीमा देश र आमाको तस्विर कथा, कञ्चनजङ्घालाई नियाल्दा निबन्ध* र *कार्यालयीय चिठी* चिठीमा पेसा बुझाउने शब्द आएका छैनन् । अन्य ११ ओटा विधागत पाठमा त्यस्ता शब्दहरू पर्याप्त आएका छन् । यिनमा वयस्क पात्रलाई शिक्षक, कर्मचारी र श्रमिकका रूपमा प्रस्तुत गरिएको छ । समाजमा चलेका पेसा बुझाउने शब्दको पर्याप्त उपस्थिति रहेकाले पाठ्यपुस्तक समाजसापेक्ष बन्न पुगेको छ ।

जातीय सन्तुलनका दृष्टिले प्रायजसो पाठमा पात्र र तिनले बोल्ने शब्द तथा वाक्यीय प्रसङ्गको प्रस्तुति १६ ओटामध्ये ७ वटा पाठमा भएको छ । बाँकी ९ ओटामा त्यस्ता पात्र र शब्द परेका छैनन् । कुनै पनि पाठमा ब्राह्मण, क्षेत्री आदि जनजातिलाई छुट्याइएको भने छैन । जातजातिका आधारमा हेर्दा ब्राह्मण, क्षेत्री, दलित र जनजातिलाई बुझाउने शब्द र

वाक्यगत प्रसङ्गको उल्लेख्य उपयोग भएका कारण पाठ्यपुस्तक जातीय सन्तुलनका दृष्टिले सबल देखिएको छ ।

धार्मिक सन्तुलन दृष्टिबाट हेर्दा १६ ओटा पाठमध्ये *कालजित, अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण* कथा, *नेपाली लोकबाजा, कञ्चनजङ्घालाई नियाल्दा* निबन्ध र *सत्यमोहन जोशी* जीवनी पाठमा धर्मसँग सम्बन्धित क्रियाकलापहरूको प्रस्तुति देखिएको छ । यसमा स्थानीय र मौलिक संस्कृतिको प्रस्तुतिले प्राथमिकता पाएको छ । त्यस्तै वर्गीय सन्तुलनका दृष्टिले हेर्दा ६ ओटा पाठमा वर्गीय प्रसङ्गले स्थान पाएको पाइँदैन । *स्वाद, कालजित र अजङ्गको राक्षसको कथा* पाठमा निम्नवर्गीय पात्रको क्रियाकलाप रहेको छ । *समय पीडा* र *भविष्य निर्माण* कथामा उच्च र मध्यम वर्गका पात्रको क्रियाकलाप प्रस्तुत भएको छ । *सत्यमोहन जोशी* पाठमा उच्च र मध्यम वर्गका पात्रका क्रियाकलाप रहेका छन् । *माइकल फेराडे* पाठमा निम्न वर्गीय पात्रको क्रियाकलापले स्थान पाएको छ । *व्यक्तित्व विकासमा विद्यालयको भूमिका र पर्यावरण सन्तुलन* पाठमा मध्यम वर्गीय क्रियाकलापको प्रस्तुति रहेको छ ।

भौगोलिक सन्तुलका दृष्टिबाट हेर्दा *मेघ बिजुली विवाह* कविता, *स्वाद* कथा, *करेसाबारी* निबन्ध र *व्यक्तित्व विकासमा विद्यालयको भूमिका पर्यावरण सन्तुलन* नामक पाठमा भूगोलको प्रसङ्ग उल्लेख भएको छैन । अन्य ११ ओटा पाठमा नेपालका विभिन्न नदी, हिमाल, गाउँ, चौतारा, जिल्लाका नाम र प्रसङ्ग आएका छन् । यिनमा पहाड, तराई, हिमाल, उपत्यका, अन्तर्राष्ट्रिय र विविध परिवेशको चित्रण गरिएको छ ।

विज्ञान तथा प्रविधि प्रयोगका दृष्टिले १६ वटा पाठमध्ये *आमाको तस्विर, समय पीडा, करेसाबारी, माइकल फेराडे, पर्यावरण सन्तुलन* र *निवेदन* पाठमा विज्ञान तथा प्रविधि जनाउने शब्द र प्रसङ्गले प्रविष्टि पाएको अवस्था छ । *समय पीडा* पाठमा कम्प्युटरमा बसेर कार्य गर्ने, मोबाइलमा छोराछोरीसँग कुराकानी गर्ने र *पर्यावरण सन्तुलन* पाठमा इन्टरनेट र भिडियोको माध्यमले विद्यार्थीले सजिलै पर्यावरण सन्तुलनका बारे बुझेको प्रसङ्ग उल्लेख भएकाले विज्ञान तथा प्रतिविधि सन्तुलनका दृष्टिले पुस्तक सन्तुलित बनेको छ ।

**निष्कर्ष**

कक्षा नौका लागि भनेर सिफारिस गरिएको नेपाली पाठ्यपुस्तक (२०७९) को समग्र अध्ययनबाट यो समाजसापेक्ष देखिन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका १६ ओटा विधागत पाठका विषयवस्तु सन्तुलित देखिन्छन् । पाठ्यपुस्तकमा छनोट गरिएका विषयवस्तु सामाजिक र समसामयिक छन् । यस तथ्यबाट विधा छनोट र विषयवस्तुको सन्तुलन मिलेको पुष्टि हुन्छ ।

पाठ्यपुस्तकका ६ ओटा पाठहरूमा लैङ्गिक सन्तुलनको पक्ष सबल छ । निबन्ध विधाबाहेक ५ वटा विधामा लैङ्गिक सन्तुलन देखिन्छ । पाठ्यपुस्तकका ६ वटा विधाका पाठहरूमा पात्रगत उमेरमा बाल र वृद्ध पात्रको प्रतिनिधित्व कम छ । वयस्क पात्रको प्रतिनिधित्व बलियो छ । समाजमा रहेका गरिबी र निम्न वर्गको प्रतिनिधित्व गर्ने र तिनको वाक्यीय सन्दर्भको पाठहरूमा पाइन्छ । हिमाल, पहाड, तराई, अन्तर्राष्ट्रिय तथा विविध परिवेशको प्रस्तुतिसमेत पाइन्छ । *कञ्चदजङ्घालाई नियाल्दा* नियात्रा पाठ भौगोलिक सन्तुलनका दृष्टिमा उत्कृष्ट देखिन्छ ।

हिन्दु राष्ट्र भएकाले अधिकांश पाठमा हिन्दु धर्मसंस्कृतिलाई पछ्याए पनि सबै धर्म समेटिएका छैनन् । समाजमा चलिआएका ब्राह्मण, क्षेत्री, दलित र जनजातिको प्रतिनिधित्व गर्ने नाम र तिनका वाक्यीय प्रसङ्ग पाठमा यत्रतत्र देखिन्छन् । *सत्यमोहन जोशी* र *माइकल फेराडे* जीवनी पाठ र *नेपाली लोकबाजा* निबन्ध पाठमा मात्र लोकतान्त्रिक मूल्य मान्यताको प्रतिनिधित्व पाइन्छ । समाजमा चलिरहेका समसामयिक विषयवस्तु, मोबाइल, कम्प्युटर, इन्टरनेट आदि शब्दको प्रतिनिधित्व देखिन्छ । समग्रमा लिङ्ग, उमेर, पेसा, धर्मसंस्कृति, जातजाति, वर्ण, भूगोल, विज्ञान प्रविधि र मूल्यमान्यताका दृष्टिले पाठ्यपुस्तक उपयुक्त र समाजसापेक्ष देखिन्छ ।

**शैक्षणिक उपादेयता**

प्रस्तुत अध्ययनका नीतिगत, शैक्षिक र निर्माणगत उपादेयतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**नीतिगत उपादेयता** : यसभित्र नियामक निकाय पर्दछ । प्रस्तुत शोधअध्ययनले शिक्षा मन्त्रालय, जिल्ला शिक्षा समन्वय समिति, पाठ्यक्रम विकास केन्द्र तथा परीक्षा बोर्ड आदि नियमन निकायलाई सहयोगी बन्न मदत गर्ने अपेक्षा गरिएको छ । साथै पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक कसरी तयार गर्ने, पाठ्यक्रम तयार गर्नका लागि कस्ता विज्ञहरू राख्ने जस्ता कुरामा आंशिक ज्ञान र सुझ प्राप्त हुने अपेक्षा गरिएको छ ।

**शैक्षिक उपादेयता** : यसअन्तर्गत उपयोग गर्ने र गराउने निकाय पर्दछन् । यस शोधकार्यको मूल उद्देश्य स्नातकोत्तर तहको पाठ्यांश पूरा गर्नको लागि तयार गरिएको भए तापनि व्यावहारिक र सैद्धान्तिक दुबै रूपले यसका विभिन्न शैक्षणिक उपादेयताहरू रहेका छन् । यस शोधकार्यबाट माध्यमिक तह कक्षा नौमा पढ्ने विद्यार्थीहरू पढाउने शिक्षकहरू, विद्यालय प्रशासन र अभिभावक गरी प्रयोग गर्ने र गराउने क्षेत्रमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसले भाषा पाठ्यपुस्तकको प्रयोग क्षेत्र र आवश्यकता थाहा पाई सैद्धान्तिक र व्यावहारिक ज्ञानबाट नेपाली भाषा शिक्षण सिकाइ सिकाइको योजना बनाउन र पठनपाठनको उपयुक्त वातावरण निर्माण गर्न सरोकारवाला सबैलाई उपयोगी हुने विश्वास गरिएको छ ।

**निर्माणगत उपादेयता** : यसमा बनाउने र लागु गराउने निकाय पर्दछन् । प्रस्तुत शोध अध्ययनले समाजसापेक्ष रूपबाट पाठ्यक्रममा के कस्तो सुधार गर्ने, पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक लेख्ने तयारी कसरी गर्ने र के कस्तो सुधार गर्ने भन्ने सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्राप्त हुने अपेक्षा गरिएको छ । समग्रमा प्रस्तुत अध्ययन शैक्षिक योजनाकार, पाठ्यक्रम निर्माता, पाठ्यक्रम विकास केन्द्र तथा पाठ्यपुस्तक लेखक आदि सरोकारवालाका लागि सहयोगी बन्ने विश्वास गर्न सकिन्छ ।

**भावी अध्ययनका सम्भाव्य शीर्षकहरू**

१) पेसा, लिङ्ग र जातीगत सन्तुलनका दृष्टिले कक्षा ११ को नेपाली पाठ्यपुस्तक

२) समाजसापेक्षताका दृष्टितले कक्षा सातको नेपाली पाठ्यपुस्तक

३) कक्षा १० को नेपाली पाठ्यपुस्तकमा सामाजिक सन्तुलनको अवस्था

४) विभिन्न जातजाति, धर्मसंस्कृति, परम्परा, भाषा र स्थानीय विविधताका कारण नेपाली भाषा सिकाइमा पर्ने प्रभाव

५) नेपाली शिक्षण सिकाइमा कक्षा १० को नेपाली पाठ्यपुस्तकको सान्दर्भिकता

## सन्दर्भ सामग्री सूची


उपाध्याय, श्रीरामप्रसाद (२०६९), *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास,* रत्न पुस्तक भण्डार ।

के.सी., राजकुमार (२०६५), कक्षा *नौको नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस ।

गौतम, नवीन (२०७०), *ग्रामीण सामुदायिक विकास,* क्षितिज प्रकाशन ।

घिमिरे, चारुभा (२०७४), *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस ।

ढकाल, माधव (२०७३), *शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधारहरू,* (द्वि.सं.), विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०७७), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* पिनाकल पब्लिकेसन प्रा.लि ।

ढुङगेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७६), *प्रायोगिक भाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

देवकोटा, यादव 'सापेक्ष र निरपेक्षको बहस' (२०७९) https://gorkhapatraonline.com/news/ ५५५८०, फेब्रुअरी २६, २०२३ ।

पराजुली, सङ्गीता (२०७०), *समाजसापेक्षताका दृष्टिले कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस ।

पाविके (२०७८), *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०),* भक्तपुर ।

पोखरेल, केशवराज र उमेश, काफ्ले (२०७४), *नेपाली भाषा शिक्षण,* क्याम्ब्रिज पब्लिकेसन प्रा.लि ।

पोखरेल, हरिप्रसाद (२०८०), 'सामाजिक तथा सांस्कृतिक विकासका लागि कस्तो शिक्षा ?', *सेतोपाटी,* मङ्सिर ९, पृ. १० ।

पौडेल, टंकमणि (२०७६), *जात र वर्ग,* क्वेस्ट पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०७९), *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, राजेन्द्र (२०७८) 'नेपाली समाज र शिक्षा', https://pokharapatra.com.np/, पृ.२७२०, मे १२, २०२१ ।

भुसाल, मिना (२०८१), *समाजसापेक्षताका दृष्टिले कक्षा दशको नेपाली पाठ्यपुस्तक,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय महेन्द्ररत्न क्याम्पस ।

भुसाल, मोतिलाल (२०७९), 'विज्ञान र प्रविधि समृद्धिको आधार' https://gorkhapatraonline.com.np/, पृ१५३८, अगस्ट १९, २०२२ ।

मिश्र, चैतन्य (२०६७), *बदलिँदो नेपाली समाज,* फाइनप्रिन्ट बुक्स ।

लोहनी, राम (२०७३), 'लिङ्गव्यवस्था र नेपालीसमाज', https://shukrabar.nagariknetwork. com/news/, पृ.१३११, नोभेम्बर १०, २०१६ ।


शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

शर्मा, जनकलाल (२०७७), *हाम्रो समाज एक अध्ययन,* मञ्जरी पब्लिकेसन ।

सापकोटा, दीपक (२०६७), *कक्षा ७ को नेपाली शृङ्खलाको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, त्रि.वि., कीर्तिपुर ।

परिशिष्ट १

कक्षा नौको नेपाली (२०७९) पाठ्यपुस्तकको आवरण पृष्ठ



परिशिष्ट २

कक्षा नौ नेपाली (२०७९) पाठ्यपुस्तकको विषय सूची

## विषयसूची


| क्र.स. | शीर्षक | विधा | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १. | मेघ बिजुली विवाह | कविता | १ |
| २. | स्वाद | कथा | १० |
| ३. | करेसाबारी | निबन्ध | २५ |
| ४. | निवेदन | निवेदन | ३६ |
| ५. | सत्यमोहन जोशी | जीवनी | ४६ |
| ६. | पर्यावरण सन्तुलन | संवाद | ५८ |
| ७. | कालजित र अजङ्गको राक्षसको कथा | कथा | ६९ |
| ८. | सारङ्गीमा देश | कविता | ८२ |
| ९. | कञ्चनजङ्घालाई नियाल्दा | नियात्रा | ९० |
| १०. | व्यक्तित्व विकासमा विद्यालयको भूमिका | वक्तृता | १०३ |
| ११. | समय पीडा | कथा | ११७ |
| १२. | माइकल फेराडे | जीवनी | १३१ |
| १३. | कार्यालयीय चिठी | चिठी | १४१ |
| १४. | नेपाली लोकबाजा | निबन्ध | १४९ |
| १५. | आमाको तस्बिर | कविता | १५९ |
| १६. | भविष्य निर्माण | कथा | १६८ |
| १७. | परिशिष्ट | सुनाइ पाठ | १७७ |

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | सन्तोषी खड्का |
| जन्म मिति | : | २०५०/०६/१६ |
| स्थायी ठेगाना | : | लिसङ्खुपाखर गाउँपालिका-६, सिन्धुपाल्चोक |
| पिताको नाम | : | भोलानाथ खड्का |
| माताको नाम | : | ठुलीमाया खड्का |
| नागरिक | : | नेपाली |
| धर्म | : | हिन्दु |
| लिङ्ग | : | महिला |
| शैक्षिक योग्यता | : | स्नातकोत्तर (अध्ययनरत) |
| सम्पर्क नं | : | ९८०४१८९४३५ |
| इमेल | : | khadkasantoshi126@gmail.com |

| तह | शिक्षण संस्था | उत्तीर्ण | श्रेणी |
|---|---|---|---|
| एस.एल.सी | श्री ककलिङ हरिसिद्धि उ.मा.वि., ठुलोपाखर, सिन्धुपाल्चोक | २०६६ | प्रथम |
| उच्च माध्यमिक | श्री ककलिङ हरिसिद्धि उ.मा.वि., ठुलोपाखर, सिन्धुपाल्चोक | २०६९ | द्वितीय |
| स्नातक | श्री ककलिङ क्याम्पस, ठुलोपाखर, सिन्धुपाल्चोक | २०७२ | द्वितीय |
| स्नातकोत्तर | महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौँ | २०८१ | शोधवर्ष |